"पानीको सही सदुपयोग गरी सभ्य नागरिकको परिचय दिउँ ।"

# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

भरतपुर, चितवन



# वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१

# भरतपुर खानेपानी व्यवस्थापन वोर्ड

## वर्तमान कार्यकारी समिति



**श्री रेनु दाहाल**
अध्यक्ष



**श्री सुन्दर सुवेदी**
सदस्य



**श्री सुमन श्रेष्ठ**
सदस्य



**श्री मदन कृष्ण घिमिरे**
सदस्य



**श्री रामजी प्रसाद सापकोटा**
सदस्य



**श्री भरत अधिकारी**
सदस्य



**श्री सजय बराल**
सदस्य सचिव

"पानीको सही सदुपयोग गरी सभ्य नागरिकको परिचय दिउँ ।"

# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

भरतपुर, चितवन



# वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१

www.bwsmb.org.np | info@bwsmb.org.np

भरतपुर खानेपानी व्यवस्थापन बोर्ड
Bharatpur Water Supply Management Board

प.सं./च.नं.



# प्रतिवद्धता

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ३ (१) बमोजिम गठन भएको भरतपुर खानेपानी व्यवस्थापन बोर्डले हाल भरतपुर महानगर क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका वासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने, गराउने जस्तो पवित्र उद्देश्य राखी सोही अनुसार कार्य गरिरहेको र आगामी दिनमा पनि कार्य सफलताको शुभकामना दिन पाउँदा म अत्यन्त हर्षित छु ।

खानेपानी वोर्डको विकासक्रम हेर्दा खानेपानी तथा सरसफाई सेवाको संरचनागत स्वरुपमा धेरै पटक परिवर्तन भएको पाईन्छ । बढ्दो शहरीकरण, अत्याधिक जनघनत्व, वर्षौं पुराना जीर्ण खानेपानीका संरचना, तत्कालिन मौजुदा श्रोत र साधनको अपर्याप्तता एवं सेवा प्रवाहमा भएको प्रभावकारीताको कमीले उपभोक्तामा भएको असन्तुष्टि आदीका कारण नगरक्षेत्र भित्र विकराल वन्दै गएको खानेपानीको अत्यावश्यक सेवा सुचारु गर्न, नयाँ आवश्यकता र मागलाई सम्बोधन गर्दै नेपाल सरकारले खानेपानी व्यवस्थापन वोर्ड ऐन जारी गरे पश्चात भरतपुर खानेपानी व्यवस्थापन वोर्ड गठन भएको देखिन्छ ।

सिमीत श्रोत साधनका बावजुत बोर्डले हाल दैनिक ३ करोड ४८ लाख लिटर पानी उत्पादन र वितरण गरिरहेको परिप्रेक्ष्यमा नगरवासिहरुले खानेपानीको सेवा प्रति सन्तुष्टि महशुस गरिरहेको व्यहोरा हामी सबैमा बिदितै छ । यस बोर्डले महानगर क्षेत्र भित्र निरन्तर गरिरहेको सेवा विस्तार र सेवा प्रवाहको प्रभावकारीताका लागि आफ्ना ग्राहकहरुबाट प्राप्त सल्लाह, सुझाव र सूचनाहरुलाई उच्च प्राथमिकतामा राख्दै आफ्नो उद्देश्य प्राप्तिमा तल्लीन रहिआएको छ । आगामी दिनमा पनि महानगरभित्रको खानेपानी सेवालाई विस्तार गर्दै अझ व्यवस्थित, गुणस्तरयुक्त र प्रविधिमैत्री वनाउँदै लाने कुरामा बोर्ड प्रतिवद्ध छ । भविष्यमा पनि सदा झैं यस बोर्डले महानगरभित्रका आफ्ना सेवाग्राही प्रतिको महत्वपुर्ण जिम्मेवारी बोध गरि सम्बन्धित सवै सरोकारवालाहरु सँग सहकार्य गर्दै भरपर्दो र गुणस्तरयुक्त खानेपानी तथा सरसफाई सेवाको माध्यमवाट नगरबासीको मन जित्न सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

बोर्डले हालसम्म भए गरेका कामहरुलाई पारदर्शी तरिकाले प्रस्तुत गरी सम्पुर्ण महानगरवासी र सरोकारवालाहरुले थप सल्लाह, सुझाव र सहयोगको अपेक्षासहित आ.व २०८०।०८१ सम्म आईपुग्दा महानगरमा खानेपानीको वर्तमान अवस्था र बोर्डको भावी कार्ययोजनालाई पनि समेटेर तयार गरिएको वार्षिक प्रतिवेदन यहाँहरुलाई उपलब्ध गराउन पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । आगामी दिनमा पनि बोर्डको उद्देश्य अनुरुप खानेपानी तथा सरसफाई सेवालाई अझ बढी प्रभावकारी र प्रविधिमैत्री वनाउने कार्यमा सक्रियताका साथ समर्पित रहने साथै यस कार्यमा उपभोक्ता, सरकारी, गैरसरकारी क्षेत्र र सम्पुर्ण सरोकारवालाहरुको सहयोग र समन्वय प्राप्त भएमा यस क्षेत्रमा थप सफलता हासिल गर्न सकिने अपेक्षा गर्दछु ।

- असोज, २०८१

.............................
रेनु दाहाल
अध्यक्ष, भरतपुर महानगरपालिका
तथा
अध्यक्ष, भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

Bharatpur, Chitwan (Nepal)
☎ : 493732 Executive Director, 056-493916 Administration, 594643 Krishnapur Branch
Website: bwsmb.org.np, E-mail : info@bwsmb.org.np

# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड
# Bharatpur Water Supply Management Board

प.सं./च.नं.



## संकल्प

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ ले तत्कालिन नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उद्देश्य सहित सम्बन्धित नगरपालिकाको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि नेपाल सरकारलाई खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस ऐन अन्तर्गत गठन हुने बोर्ड एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था रहने व्यवस्था छ । सोही प्रावधान वमोजिम तत्कालिन भरतपुर नगरपालिकाको सिफारिसमा खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ को दफा ३(१) बमोजिम नेपाल सरकार तात्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी तथा सरसफाई मन्त्रालय), माननिय मन्त्रिस्तरको मिति २०६४।०५।३१ गतेको निर्णय अनुसार भरतपुर खानेपानी व्यवस्थापन बोर्ड गठन भएको हो । नेपाल सरकारले भरतपुर नगरपालिकालाई महानगरपालिका घोषणा गरे पश्चात यस महानगरपालिकाको सम्पुर्ण क्षेत्र नै यस बोर्डको कार्यक्षेत्र हुन गएको छ । बोर्डले नेपाल सरकारसँग भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी मन्त्रालय) मार्फत सम्पर्क गर्नुपर्ने व्यवस्था छ ।

स्थापनादेखी हालसम्म वोर्डले भरतपुर महानगरपालिकाको वडा नं. १ देखी १६ र २२ नं मा आफ्नो सेवा विस्तार गर्दै नेपाल खानेपानी संस्थानवाट प्राप्त ७८ कि.मि पाईपलाईनलाई करिव ११६२ कि.मी पाईपलाईनमा विस्तार गरिसकेको छ । हाल वोर्डले दैनिक लगभग ३ करोड ४८ लाख लिटर पानी उत्पादन गरी चालिस हजार ग्राहक मार्फत महानगरको करिव ६० प्रतिशत जनसंख्यालाई खानेपानीको सेवा प्रदान गरिरहेको छ भन्ने सन्देश दिन पाउनु वोर्डको लागि सुखद पक्ष हो । बढ्दो वसाईसराईका कारण भरतपुर महानगरपालिकामा विकसित हुँदै गएको तिब्र शहरीकरण सँगै खानेपानीको अत्याधिक माग भएको परिवेशमा सिमित साधन स्रोतका वावजुत खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्नु बोर्डको चुनौति रहेको छ ।

मानव जीवनमा वहुआयमिक प्रभाव पार्ने स्वच्छ खानेपानी तथा सरसफाईको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा राखेको छ । त्यस्तै दिगो विकास लक्ष्य (सन २०१६–२०३०) अन्तर्गत "खानेपानी तथा सरसफाईमा पहुँचको सुनिश्चितता गर्ने" लक्ष्यको रुपमा लक्ष्य नं. ६ निर्धारण गरेको छ । खानेपानी र सरसफाईको क्षेत्र जनस्वास्थ्य सँग मात्र नभई मानव विकाससँग पनि प्रत्यक्ष सरोकार राख्ने भएकोले संयुक्त राष्ट्र संघले खानेपानी तथा सरसफाईको पहुँचलाई मानव अधिकारको रुपमा समेत स्थापति गरेको अवस्था छ । यी र यस्ता सम्पुर्ण अधिकारको सम्मान, संरक्षण र परिपुर्ति सँगसँगै मानव मात्राको आधारभुत आवश्यकता समेत पुरा गर्ने क्षेत्र पनि रहेकाले खानेपानी सेवालाई अझ बढी पहुँचयोग्य र गुणस्तरीय बनाउन महानगर लगायत सम्पुर्ण सरोकारवालाको सहयोग र सहकार्यमा बोर्डले आफ्नो सम्पुर्ण स्रोत, साधनको भरपुर प्रयोग गरिरहेको छ ।

बोर्डलाई स्थापनाकालदेखी आजको दिनसम्म पुऱ्याउन र यसको मर्म र उद्बेश्य अनुरुप कार्यान्वयन गर्न साथ दिने सरकारी र गैरसरकारी निकायहरु, उपभोक्ताहरु, सरोकारवाला, साझेदार संस्थाहरु, शुभेच्छुक तथा वोर्डमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको साथ र सहयोग प्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि त्यस्तै सुझाव, सद्भाव र सहयोगको अपेक्षा गर्दै यस वोर्डवाट वितरण गरिने सेवालाई थप गुणस्तरीय र प्रभावकारी वनाउँदै लैजाने संकल्प गर्दछु ।

- असोज, २०८१

..............................
संजय बराल
नि. कार्याकारी निर्देशक
भरतपुर खानेपानी व्यवस्थापन वोर्ड
भरतपुर, चितवन

Bharatpur, Chitwan (Nepal)
☎ : 493732 Executive Director, 056-493916 Administration, 594643 Krishnapur Branch
*www. bwsmb.org.np, E-mail : info@bwsmb.org.np*

# विषयसूची


| विषय | पेज नं. |
|---|---|
| पृष्ठभूमि | ६ |
| ऐतिहासिक विकासक्रम | ६ |
| बोर्डको कार्य क्षेत्र | ६ |
| कार्यसमिति सम्बन्धी व्यवस्था | ७ |
| वर्तमान कार्यसमितिका सदस्यहरु | ७ |
| बोर्डको काम, कर्तव्य र अधिकार | ७ |
| शुरुदेखि हालसम्मका बोर्डले गरेका मुख्य नीतिगत एवं व्यवस्थापकीय कार्य तथा मुख्य उपलब्धिहरु | ८ |
| क्षमता विस्तार | ९ |
| चुहावट नियन्त्रण | ९ |
| खानेपानी सेवा प्रणालीको संक्षिप्त विवरण | १० |
| बोर्डमा हालसम्म भएको पाइपलाईनको योगदानको अवस्था | ११ |
| भरतपुर महानगरपालिकामा वर्तमान खानेपानी सुविधाको स्थिति | ११ |
| बोर्डको बर्तमान तथा भावी कार्ययोजना: | १२ |
| कर्मचारी व्यवस्था | १३ |
| बोर्डको आ.व. २०८०।०८१ को आम्दानी तथा खर्च विवरण | १३ |
| आ.व.२०८०/८१ लक्षित तथा वास्तविक आम्दानी खर्चको विस्तृत विवरण | १४ |
| आ.व. २०८०/८१ मा बोर्डबाट गरिएका मुख्य कार्यहरु | १६ |
| भरतपुर खानेपानी आयोजना सुधार सुधार | १७ |
| भरतपुर खानेपानी आयोजना मर्मत सुधार | १९ |
| बोर्डबाट संचालित मुख्य खानेपानी आयोजना र तिनको हालसम्मको संक्षिप्त विवरण | २० |
| धनगढा खानेपानी आयोजना : | २० |
| प्रेमवस्ती कालीका खानेपानी आयोजना : | २० |
| कैलाशनगर खानेपानी आयोजना | २० |
| फुलबारी खानेपानी आयोजना | २० |
| आनन्दपुर खानेपानी आयोजना | २० |
| पटिहानी खानेपानी आयोजना, मंगलपुर खानेपानी आयोजना | २१ |
| जखडीमाई खानेपानी आयोजना, देवनगर खानेपानी आयोजना | २१ |
| गीतानगर खानेपानी आयोजना | २१ |
| कार्यालय भवन मर्मत तथा सेड निर्माण, वातावरणीय सरसफाई कार्यक्रम | २२ |
| तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम | २२ |
| खानेपानी सुरक्षा योजना (Water Safety Plan) | २२ |
| आ.व.२०८१।८२ को नीति तथा कार्यक्रम (नीति) | २३ |
| कार्यक्रम | २४ |
| भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु | २५ |
| औसत खपत अंक, औसत बिलिङ्ग रकम | २५ |
| महशुल असुली तथा बक्यौताको स्थिति | २५ |
| बोर्डमा हालसम्म रहेका स्टेशन र वेलको विवरण | २६ |
| प्रमुख सूचकहरु (Key Performance Indicators) | २८ |
| आ.व. २०८०/८१ मा पानी उत्पादन र खपतको अवस्था | २९ |
| अनुसूची १ | ३० |

# भरतपुर खानेपानी व्यवस्थापन वोर्ड

भरतपुर, चितवन

## वार्षिक प्रतिवेदन

आ.ब. २०८०/०८१

### पृष्ठभूमि:

भरतपुर महानगरक्षेत्र भित्र खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुल बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने साथै उचित र प्रभावकारी व्यवस्था गर्ने उद्देश्य सहि खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ वमोजिम माननीय मन्त्रिस्तरको मिति २०६४।०५।३१ गतेको निर्णय अनुसार भरतपु खानेपानी व्यवस्थापन बोर्ड गठन भएको हो । नेपाल सरकारले मिति २०६७।०१।०६ को राजपत्रमा बोर्ड गठनको सुचन प्रकाशित गरि सम्पुर्ण भरतपुर नगरपालिका क्षेत्रलाई बोर्डको कार्यक्षेत्र तोकेको छ । नेपाल सरकारले भरतपुर नगरपालिकाला उपमहानगर हुँदै महानगरपालिका घोषणा गरे पश्चात यस महानगरपालिकाको सम्पुर्ण क्षेत्र नै यस बोर्डको कार्यक्षेत्र हुन गएको छ बोर्डले नेपाल सरकारसँग तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी मन्त्रालय) मार्फत सम्पर्क गर्नुपर्ने व्यवस्थ छ ।

### ऐतिहासिक विकासक्रम:

खानेपानी सेवा संचालनको संस्थागत विकासक्रमलाई हेर्ने हो भने सन १८९५ मा तत्कालिन राणाकालीन प्रधानमन्त्री श्र ३ वीर शम्शेर को पालामा वीर धाराबाट प्रारम्भ भई तत् पश्चात पानी गोश्वारा, पानी अड्डाको रुपमा संस्थागत भई खानेपान सेवा संचालन भएको पाईन्छ । वि.सं २०३० साल वैशाखमा तत्कालिन पानी गोश्वारा विघटन गरी २०३१ सालमा विकास समिति ऐन अन्तर्गत विश्व बैंकको ऋण लगानीमा काठमाण्डौ, ललितपुर, भक्तपुर र पोखरामा स्वच्छ खानेपानीको व्यवस्था गर्न खानेपानी तथ ढल निकास समितिको गठन भएको हो । यसपछि क्रमशः समितिको कार्यक्षेत्र बढ्दै गई विश्व बैंकको पहिलो, दोस्रो र तेस्रो आयोजन अन्तर्गत उपत्यका लगायत अन्य शहरी क्षेत्रमा विस्तार हुँदै गएको पाईन्छ । त्यसै गरी यस समितिलाई अझै प्रभावकारी र सेवामुल बनाउन वि.सं. २०४१ साल श्रावण देखि खानेपानी तथा ढल निकास संस्थानमा परिणत गरियो र वि.सं. २०४६ फाल्गुन १५ गतेबा नेपाल खानेपानी संस्थान ऐन, २०४६ अन्तर्गत "नेपाल खानेपानी संस्थान" गठन गरि काठमाण्डौ उपत्यका लगायत विभिन्न शह क्षेत्रमा संस्थान मार्फत खानेपानी तथा ढल निकास सेवा प्रवाह हुदैं रहेकोमा मिति २०६९ भदौ २० गते नेपाल खानेपानी संस्थान र भरतपु खानेपानी व्यवस्थापन वोर्ड बीच नेपाल खानेपानी संस्थान भरतपुर शाखाको सम्पत्ति तथा दायित्व भरतपुर खानेपानी व्यवस्थापन वोर्डम हस्तान्तरण गर्ने सम्झौता भएसँगै भरतपुरमा आफ्नो सेवा क्षेत्रभित्र एकल रुपमा वोर्डवाट खानेपानीको सेवा प्रवाह हुँदै आएको छ ।

भरतपुरमा खानेपानी तथा ढल निकास विभागवाट वि.सं. २०३३ देखि जुगेडी खोलावाट खानेपानी आपुर्तिको शुरुवात भएव हो । जापान सरकारको सहयोगमा वि.सं. २०५० सालमा दुइवटा ट्यूबवेल, रामनगरमा फिल्टर प्लान्ट, १६०० घ.मी. क्षमताव पानीपोखरी र थप वितरण पाईप लाईन निर्माण गरि आयोजनाको सुधार विस्तार गरियो । यो आयोजना वि.सं. २०५६ श्रावण १ ग देखि नेपाल खानेपानी संस्थान भरतपुर शाखालाई हस्तान्तरण गरियो । वि.सं.२०६१ मा जुगेडी प्रणालि बाढिबाट क्षतिग्रस्त भई रामनग र देवघाट क्षेत्रको सेवा अवरुद्ध बन्नपुग्यो । संस्थानले त्यसको उचित मर्मत संभार र समयानुकुल सेवा प्रणालीको विस्तार गर्न सकेन थप सेवा विस्तारको लागि भरतपुर खानेपानी व्यवस्थापन वोर्ड मार्फत खानेपानी सेवा सञ्चालन गर्ने र सरकारले खानेपानी संस्थान भरतपुर शाखाको सम्पत्ति तथा दायित्व भरतपुर खानेपानी ब्यवस्थापन बोर्डमा हस्तान्तरण गराईदिने गरि शहरी तथा वातावरणीय सुधा परियोजना (Urban and Environmental Improvement Project, UEIP) अन्तर्गत तत्कालिन भरतपुर नगरपालिकाको सहयोग नेपाल सरकारको ऋण तथा अनुदानमा भरतपुर खानेपानी आयोजनाका नयां संरचनाहरुको निर्माण कार्य गरिएको हो । यो आयोजन आ.व. २०६२।०६३ मा शुरु भई आ.व.२०६७।०६८ मा सम्पन्न भएको थियो ।

### बोर्डको कार्यक्षेत्र :

वागमती प्रदेशको भरतपुर महानगरभित्र खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ ले तोके बमोजिमको भौगोलिक क्षेत्र भरतपुर खानेपानी व्यवस्थापन वोर्डको कार्यक्षेत्र हो । उक्त ऐनको दफा ८ मा बोर्डले संचालन गर्नुपर्ने सेवा आफैंले वा आवश्यकत अनुसार सेवा प्रदायकलाई अनुमति प्रदान गरी वा निजसँग सम्झौता गरी संचालन गर्न गराउन सक्ने प्रावधान रहेतापनि हाल बोर्ड आफैं

आफ्नो कार्यक्षेत्र भित्र सेवा प्रदान गरिरहेको छ ।

भरतपुर खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६६ को परिच्छेद ४ मा भूमिगत स्रोतको पानीको नियमन सम्बन्धी व्यवस्था रहेको छ । उक्त परिच्छेदका नियमहरुमा बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्रको भूमिगत स्रोतको पानीको नियमित रुपमा अनुगमन तथा नियमन गर्न सक्ने, भूमिगत स्रोतको पानीको उपयोग गर्न अनुमतिपत्र दिने, अनुमतिपत्रको शर्त पालना नगरेमा वोर्डले जरिवाना गर्न सक्ने जस्ता प्रावधानहरु रहेका छन ।

भरतपुर खानेपानी व्यवस्थापन वोर्डको गठनसँगै नेपाल सरकारको निर्णयानुसार तत्कालिन नेपाल खानेपानी संस्थान भरतपुर शाखाले संचालन गरेको खानेपानी सेवासँग सम्बन्धित सबै सम्पत्ति तथा दायित्वहरु यस वोर्डको स्वामित्वमा हस्तान्तरण भई आएको, शहरी तथा वातावरणीय सुधार परियोजना (Urban and Environmental Improvement Project UEIP) अन्तर्गत निर्मित संरचना र बोर्डले आफ्नै पहलमा निर्माण गरेका संरचनाहरु हाल वोर्डसँग विद्यमान रहेको छ । भरतपुर महानगरभित्र आफ्नो कार्यक्षेत्र भएतापनि बोर्डले आ.व २०८०।०८१ को अन्त सम्ममा महानगरभित्रका वडा नं. १ देखी १६ र २२ नं. वडामा ४०,४७३ ग्राहक मार्फत आफ्नो सेवा विस्तार गरी महानगरका करिब ६० प्रतिशत जनसंख्यालाई दैनिक रुपमा खानेपानीको सेवा पुर्‍याईरहेको छ ।

## कार्यसमिति सम्बन्धि ब्यवस्था:

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ को दफा १० मा बोर्डको कार्यकारी समिति सम्बन्धि व्यवस्था रहेको छ । जसमा भरतपुर महानगरपालिकाको प्रमुख-१, स्थानिय उद्योग बाणिज्य संघको अध्यक्ष-१, भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी मन्त्रालय ) प्रतिनिधि-१, स्थानीय उपभोक्ता संघको अध्यक्ष-१, बोर्डवाट मनोनित खानेपानी क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधि-१, र सम्बन्धित क्षेत्रको विज्ञ सदस्य-१ गरि ६ जना सदस्य रहने व्यवस्था गरेको छ । खानेपानी मन्त्रालयको प्रतिनिधिको रुपमा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवनका प्रमुखलाई बोर्ड सदस्य तोकेको छ । समितिका सदस्यहरुले आफूहरुमध्ये बाट छानेको व्यक्ति समितिको अध्यक्ष हुनेछ । मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुने, सदस्यहरुमध्येबाट अध्यक्षको चयन गर्ने, त्यस्तै ऐनको दफा १७ मा समितिले तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्ने र निजले बोर्डको सचिव भई काम गर्ने कानुनी व्यवस्था छ ।

## बर्तमान कार्यसमितिका सदस्यहरु:

क) अध्यक्ष : भरतपुर महानगरपालिकाका प्रमुख, श्री रेनु दाहाल

ख) सदस्य : स्थानिय उद्योग बाणिज्य संघका अध्यक्ष, श्री सुमन श्रेष्ठ

ग) सदस्य : संघीय खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, चितवनका आयोजना प्रमुख, श्री सुन्दर सुवेदी

घ) सदस्य : स्थानीय उपभोक्ताका संघको तर्फबाट प्रतिनिधि : श्री मदनकृष्ण घिमिरे

ङ) सदस्य : खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको तर्फबाट प्रतिनिधि : श्री रामजी सापकोटा

च) सदस्य : खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ तर्फबाट प्रतिनिधि : श्री भरत अधिकारी

छ) सदस्य सचिव : नि. कार्यकारी निर्देशक, श्री संजय बराल

## बोर्डको काम, कर्तव्य र अधिकार :

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३, भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली २०६६ तथा प्रचलित कानुन वमोजिम बोर्डको मुख्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम रहेका छन ।

(१) सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(२) सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(३) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(४) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(५) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(६) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(७) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(८) प्रचलित कानूनबमोजिम सेवाको महसुल दर निर्धारण गराउने साथै कानून बमोजिम निर्धारण भएको सेवा महशुलमा

पुनरावलोकन गर्नुपर्ने भए सम्बन्धित निकायमा सिफारिस गर्ने ,

(९) सेवाको गुणस्तर वा मापदण्ड तोकिएकोमा त्यस्तो गुणस्तर वा मापदण्ड अनुसार सेवा प्रदान भए नभएको अनुगमन गर्ने साथै गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(१०) सेवाप्रदायकलाई सेवा प्रदान गर्ने अनुमति पत्र प्रदान गर्ने वा सेवाप्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(११) उपभोक्तालाई प्रदान गर्ने सेवा बापत निर्धारित महसुल असूल गर्ने गराउने,

(१२) सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पिर मर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(१३) कुनै सरकारी निकायले संचालन गरिरहेको सेवा प्रणाली बोर्डमा हस्तान्तरण भएकोमा सो सेवा प्रणाली हस्तान्तरण हुँदाको बखत निर्धारित शर्त र ऐन तथा नियमावली बमोजिम संचालन भए नभएको सम्बन्धमा अनुगमन तथा निरिक्षण गर्ने गराउने ।

(१४) भूमिगत पानीको उपयोग सम्बन्धी आवश्यक निति तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष प्रस्तुत गर्ने,

(१५) वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी आफ्नो भौगोलिक क्षेत्र भित्र आवश्यकता अनुसार सेवा प्रदायक वा उपभोक्तालाई भूमिगत पानी निकाल्न र उपयोग गर्न अनुमति पत्र प्रदान गर्ने,

(१६) वोर्डको स्वीकृत संगठन तालिका अनुसार कर्मचारीको दरवन्दी स्वीकृत गरी निर्धारित विधि र प्रक्रिया अनुसार व्यवस्थापन गर्ने,

(१७) बोर्डको बार्षिक प्रतिवेदन तयार गर्ने,

(१८) बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,

(१९) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने ।

## शुरुदेखि हालसम्म बोर्डले गरेका मुख्य नीतिगत एवं ब्यवस्थापकीय कार्य तथा मुख्य उपलब्धिहरु:

- "भरतपुर खानेपानी ब्यवस्थापन बोर्ड नियमावली, २०६६"तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- "कर्मचारी प्रशासन विनियमावली २०६९" र "आर्थिक प्रशासन विनियमावली २०६९" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- २०६९।०५।२० मा नेपाल खानेपानी संस्थान, भरतपुर शाखाको सम्पत्ती र दायित्व बोर्डमा हस्तान्तरण भएको ।
- जनश्रमदान बापत तत्कालको लागि भरतपुर महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम रु. २ करोड १० लाख १५ हजार र शुरुको सापटी रु. १ लाख समेत गरी जम्मा रु. २ करोड ११ लाख १५ हजार तत्कालिन नगरपालिकालाई फिर्ता गरिएको ।
- नेपाल खानेपानी संस्थान सरहको खानेपानी महशुल तथा अन्य सेवा शुल्क बापतको दरलाई समयसापेक्ष पुनरावलोकन गरी मिति २०७० फागुन १ गतेदेखि खानेपानी महशुल निर्धारण आयोगबाट स्विकृत प्राप्त महशुल तथा सेवा शुल्कहरु लागु गरिएको ।
- वोर्डको वार्षिक वजेट, कार्यकम, प्रगति, आम्दानी, खर्च र लेखा परिक्षण प्रतिवेदन समावेश गरिएको वार्षिक प्रतिवदेनहरु खानेपानी मन्त्रालयमा पठाउने ब्यबस्था रहेको ।
- सबै प्रतिवेदनहरु बोर्डको वेभसाईट www.bwsmb.org.np मा राख्ने ब्यवस्था भएको ।
- मासिक रुपमा ३० वटा ग्राहकहरुको धाराबाट पानीको नमूना संकलन गरि बिभिन्न ७ प्यारामिटरहरुको आफ्नै प्रयोगशालाबाट खानेपानी गुणस्तर परीक्षण गरि रिपोर्ट बोर्डको वेभसाईट www.bwsmb.org.np राख्ने गरिएको ।
- वार्षिक रुपमा संचालनमा रहेका सम्पुर्ण वेलहरुको खानेपानी गुणस्तर मापदण्ड अनुरुपका सूचकहरुको क्षेत्रीय पानी प्रयोगशालाबाट परिक्षण गरी स्रोतको शुद्धताको सुनिश्चितता गर्ने गरिएको ।
- बोर्डको बार्षिक बजेट तथा कार्यक्रम, प्रतिवेदन, आम्दानी खर्च लगायतका सूचकहरु पारदर्शी रुपमा राख्ने गरिएको ।
- बोर्डबाट प्रदान गरिने सेवा सम्बन्धि "नागरिक बडापत्र" कार्यालयमा सबैले देख्ने गरी राख्ने गरिएको ।
- आ.व.०७९।०८० सम्मको अन्तिम लेखा परिक्षण कार्य सम्पन्न भइसकेको ।
- वोर्डमा करारमा कार्यरत कर्मचारीका लागि अवकास कोष स्थापना भई संचालन भइरहेको ।
- अनलाइन भुक्तानी प्रणालीको व्यवस्था र सोको संचालन भइरहेको छ । यसले गर्दा ग्राहकहरुको महशुल भुक्तानीको निम्ति सहज तथा समय बचत समेत भएको छ ।

## क्षमता विस्तार:

- प्रेमबस्ती, गौरीगंज, तोरीखेत, कैलाशनगर, लक्ष्मीपुर, आनन्दपुर, मङ्गलपुर, देवनगर, गितानगर, पटिहानी, फूलबारी, आदि महानगरका मुख्य स्थानमा भरतपुर महानगरपालिका, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना चितवन, बागमती प्रदेश खानेपानी तथा सरसफाई डिभिजन नं. १ मकवानपुर तथा स्थानीय उपभोक्ताहरुसँग समन्वय र साझेदारीमा खानेपानी प्रणालीहरु क्रमश: विस्तार गर्दै लगिएको ।
- बिभिन्न संस्थाहरुको सहयोगमा नीजि तथा सार्वजनिक जग्गा प्राप्त भई महानगरका विभिन्न्न २७ वटा स्टेशनहरुबाट खानेपानीको आपूर्ति भईरहेको ।
- बोर्डको नाउँमा धनगढामा ३, पटिहानीमा २, कैलाशनगरमा २, प्रेमबस्तिमा २ कट्ठा ८ धूर र देवनगरमा ३ कठ्ठा ५ धुर, कृष्णपुरमा करिब १ कठ्ठा गरि जम्मा १३ कठ्ठा १३ धुर जग्गा खरिद गरिएको ।
- भरतपुर म.न.पा.५, लक्ष्मीपुर राममन्दिर परिसर संगै करिव १५ धुर जग्गा प्राप्त गरि खानेपानीका संरचनाहरु निर्माण गरेर पानी बितरण गरिएको ।
- भरतपुर ११ को जखडीमाई स्थित श्री जखडीमाई आधारभुत बिद्यालय मार्फत खानेपानीका संरचनाहरु निर्माणका लागि करिब ४ कठ्ठा क्षेत्रफल जग्गा प्राप्त भई सहलगानी खानेपानी आयोजनाका संरचनाहरु निर्माण सम्पन्न गरिएको ।
- नेपाल खानेपानी संस्थानबाट प्राप्त ८ वटा, तत्कालिन भरतपुर नगरपालिका (UEIP Project) बाट ५ वटा र विभिन्न सहयोग र बोर्डबाट निर्मित ३३ वटा गरी जम्मा ४६ डिप ट्युववेलहरुको निर्माण गरि संचालन भएका ।
- दैनिक पानी उत्पादन क्षमता करिब ३ करोड ४८ लाख लिटर पुगेको ।
- पुरानो र नयाँ प्रणालीमा समेत गरी जम्मा ११६२.३९ कि.मि. वितरण लाईन बिस्तार गरिएको ।
- रोजगार्डेन र जखडीमाई उपभोक्ता समितिहरु र खानेपानी संस्थानबाट गरी हालसम्म जम्मा ८६.१५ कि.मि. पाईप लाईन सन्जाल प्राप्त भएको ।
- उपभोक्ता समिति मार्फत संचालित रोज गार्डेन खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७३ जेष्ठ महिना देखि वोर्डको स्वामित्वमा लिइएको । यस आयोजना अन्तर्गत १० धुर जग्गा, डिप ट्युबबेल १ थान, २५ के.भि.ए.को ट्रान्सफर्मर- १, ४.५५ कि.मि. वितरण पाईपलाईन, पम्प धारा संख्या १७० रहेको ।
- उपभोक्ता समिति मार्फत संचालित जखडीमाई खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७४ फाल्गुण महिना देखि वोर्डको स्वामित्वमा आएको । यस आयोजना अन्तर्गत ४ कठ्ठा जग्गा, डिप ट्युबबेल-१, ३.६ कि.मि. वितरण पाईपलाईन, भण्डार घर-१ र ग्राहक संख्या चालु १५० र नचल्ने अवस्थाका १५ रहेको ।
- वितरण लाईन जडान भएका स्थानहरुमा ग्राहकले मागेकै दिनमा धारा स्वीकृत गरि सुख्खा समयमा ३,४ दिन भित्र र अन्य समयमा १,२ दिन भित्रमा नयाँ धारा जडान गरिँदै आएको ।
- भरतपुर म.न.पा. ९ र १२ मुख्य सेवा क्षेत्र रहेको धनगढा सहलगानी खा.पा.आ.को सम्पुर्ण संरचना निर्माण सहित पाईप लाईन बिस्तार गरि खानेपानी सञ्चालन भएको ।
- खानेपानी संस्थान, उपभोक्ता समितिबाट हस्तान्तरण भएका रोज गार्डेन र जखडीमाई योजनाबाट प्राप्त भएका समेत गरेर हाल कुल ४०,५१९ ग्राहकहरुको घरमा नयाँ धाराहरु जडान भएको ।
- आ.ब.२०८०।०८१ मा कूल २,९५० ग्राहकहरुको घरमा नयाँ धाराहरु जडान गरिएको ।
- भरतपुर म.न.पा.११ सेवा क्षेत्र रहेको जखडीमाई सहलगानी खा.पा.आ.को निर्माण कार्य सम्पन्न भएको ।
- संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन मार्फत पटिहानीमा ४५० घ.मी. क्षमताको ओभरहेड पानी टंकी निर्माण सम्पन्न भई संचालनमा आएको ।
- भरतपुर १०, बोर्डको कार्यालय परिसर भित्र रहेको ४०० घन मीटर क्षमताको पानी भण्डारण गर्ने स्टीलको ओभरहेड टंकी जीर्ण र पुरानो भैसकेकोले ९०० घनमीटर क्षमताको नयाँ बैकल्पिक ओभरहेड ट्याङ्की निर्माण गरि संचालनमा आएको ।

## चुहावट नियन्त्रण:

- पानी दुरुपयोग गर्ने ग्राहकहरुमध्ये यस आ.व. मा १२ जनाबाट रु.४३,५४० थप महशुल संकलन गरिएको ।
- यस बोर्डबाट बितरण हुने खानेपानीको अनधिकृत र नीति बिपरित (मिटर बिना, मिटर बाईपास गरेर, कनेक्सन पाईपबाट

सिधै मोटर पम्पको प्रयोग गरेर) पानी प्रयोग गरेको गोप्य जानकारी दिने व्यक्तिको नाम, ठेगाना गोप्य राखी प्रोत्साहन स्वरुप उचित रकमको व्यवस्था गरिएको ।

- असार मसान्त सम्ममा रु.पाँच हजार भन्दा माथि बक्यौता महशुल रहेका ग्राहकहरु लाई पत्रमार्फत र बारम्बार भेटेर ताकेता गरिएको ।
- मिटर नभएका ग्राहकहरुको संख्या ०.५ प्रतिशतमा मा झारिएको, शत प्रतिशत मिटरिङ्ग गर्ने उद्धेश्य हुँदाहुँदै केहि सरकारी कार्यालयहरु मिटर राख्न ईच्छुक नदेखिएकोले १००% मिटरिङ्ग हुन नसकेको ।
- सबै ग्राहकहरु नम्बरिङ्ग गरिएकोले मिटर रिडिङ्ग कार्य बढी प्रभावकारी भएको ।
- उल्लेखित प्रयास स्वरुप चुहावट दर २९ प्रतिशत रहेको छ । विकास निर्माणका कार्यहरु, सडक, ढल निर्माण भूमिगत विद्युतीकरण आदीले पाईपलाईनमा क्षति भई चुहावट दरमा वृद्धि भएको देखिन्छ , प्राविधिक कारणले सामान्यत: चुहावट दर २०% भन्दा कम गर्न नसकिने ।
- खानेपानीको मितव्ययी प्रयोगका लागि बोर्डको सेवा क्षेत्र भित्र बिगतमा जडान भएका सबै सामुदायिक धाराहरु हटाइएको ।


## खानेपानी सेवा प्रणालीको संक्षिप्त विवरण:

यस बोर्ड अन्तर्गत तालिका नं. १ अनुसार ह्रासकटट्ी कटाएर संस्थानबाट प्राप्त ९ करोड ८८ लाख ८४ हजार ५४८, भ.न.पा.को शहरी तथा वातावरणीय सुधार परियोजनाबाट प्राप्त १९ करोड १२ लाख ४४ हजार २०५ र बोर्डले आफ्नो आन्तरिक श्रोत र अन्य सहयोगी संस्थाहरुको सहयोगमा निर्माण गरेको ५४ करोड ७३ लाख ५६ हजार ९३ गरी जम्मा रु. ८३ करोड ७४ लाख ८४ हजार ८४५ वरावरको सम्पत्ति छ ।

**तालिका नं. १ : भरतपुर खानेपानी व्यवस्थापन बोर्डले संचालन गरेको सेवा प्रणालीको विवरण:**

| विवरण | नेपाल खानेपानी संस्थान | शहरी तथा वातावरणीय सुधार परियोजना (UEIP) | बोर्ड (उ.स. र अन्य सहयोगमा) | जम्मा | सम्पत्ति हस्तान्तरणबाट |
|---|---|---|---|---|---|
| डिप ट्यूबवेल | ८ वटा | ५ वटा | ३३ वटा | ४६ वटा | रोजगार्डेन १<br>जखडीमाइ १ |
| डिजल जेनेरेटर | १ सेट (१००के.भि.ए.) | ३ सेट (१००के.भि.ए.२, १८० के.भि.ए. १) | ९सेट (१६० –१, (८२.५के.भि.ए. ७ ४० के.भि.ए. १) | १३ सेट | |
| पानी पोखरीको संख्या र क्षमता | २ वटा (४०० M³ ओभरहेड १, १२०० M³ जमिन १) | ३ वटा (४५०M³ ओभरहेड १, ९०० M³ जमिन १ १००० M³ जमिन १) | १५ वटा (९०० M³ हेड १, ४५० M³ हेड ८, २२५ M³ हेड ३, ४०० M³ जमिन ३) | २० वटा १०३२५ M³ (६०२५ M³ ओभरहेड, ४३०० M³ जमिन ) | |
| भवन | २ वटा | २ वटा | २ वटा | ६ वटा | निर्माणाधिन २ |
| पाइप लाईनको लम्बाई | ७८ कि.मी. (DI,GI,HDPE) | २१४ कि.मी HDPE) | ८७०.३९ कि.मि. (HDPE) | ११६२.३९ कि.मि. (DI, GI, HDPE) | रोजगार्डेन ४.५५<br>जखडी ३.६० |
| २०८० आषाढ मसान्तका स्थिर सम्पत्ती मूल्य, रु. | १०,१२,७५,०३६ | १९,६८,६७,९६५ | ४७,००,०९,९७४ | ७६,८१,५२,९७४ | |
| ह्रासकटट्ी | २३९०४८८ | ५६२३७६० | १२६७९७५० | २०६९३९९८ | |
| २०८१आषाढ मसान्तका स्थिर सम्पत्ती मूल्य, रु. | ९,८८,८४,५४८ | १९,१२,४४,२०५ | ५४,७३,५६,०९३ | ८३,७४,८४,८४५ | ह्रासकटट्ी कटाएर |

## वोर्डमा हालसम्म भएको पाइपलाईनको योगदानको अवस्था




**भरतपुर महानगरपालिकामा वर्तमान खानेपानी सुविधाको स्थिति (२०८१ आषाढ मसान्त सम्मको):**

- महानगरपालिका भित्रका करिव ९६,५९१ घरधुरी मध्ये ४०५१९ ग्राहकहरु मार्फत करीब २,३६,२२५जना जनसंख्यालाई बोर्डबाट शुद्ध र व्यबस्थित खानेपानी सेवा उपलब्ध भएको छ ।
- महानगरपालिका भित्र रहेका मेघौली, जगतपुर, शुक्रनगर, शारदानगर, शिबनगर र कविलास, रामनगर, दिव्यनगर, गुञ्जनगर, पार्वतीपुर, गोलाघाट आदी स्थानमा बिभिन्न खानेपानी योजना मार्फत सेवा पुगेको ।
- करीब १८,५०० घरधुरीमा वोर्ड बाहेकका अन्य उपभोक्ता समिति वा आयोजना मार्फत खानेपानी सेवा उपलब्ध भएको छ ।
- संस्थागत/व्यक्तिगत डिप बोरिङ्ग मार्फत महानगर भित्रका करीव ८० प्रतिशत जनसंख्याले डिप बोरिङ्गको शुद्ध पिउने पानीको सुविधा लिएका, करीव १०% ले खानेपानीको पाइप सञ्जाल भएर पनि सेवा नलिएको, १० प्रतिशतलाई डिप बोरिङ् मार्फत पाईप प्रणालीको सुविधा छैन, व्यवस्थित खानेपानीको माग बढ्दो ।
- संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन र खानेपानी तथा सरसफाई डिभिजन नं. १, मकवानपुर, हेटौंडाको साझेदारीमा विकास गरेका खानेपानी आयोजनाहरुमध्ये प्रेमबस्ती, गौरीगंज, तोरीखेत, कैलाशनगर, आनन्दपुर, लक्ष्मीपुर, धनगढा, मंगलपुर, जखडीमाई र पटिहानी निर्माणसम्पन्न भै सेवा बितरण शुरु भएका ।
- त्यस्तै साझेदारीमा गितानगर आयोजना निर्माण सम्पन्न भएको छ भने देवनगर आयोजना हाल निर्माणको अन्तिम चरणमा छ ।
- संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन मार्फत पटिहानीमा ४५० घ.मी. क्षमताको ओभरहेड पानी टंकी निर्माण सम्पन्न भएको ।
- भरतपुर ७, प्रेमबस्तीमा बागमती प्रदेश सरकार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्डको साझेदारीमा एउटा कार्यालय भवन निर्माण सम्पन्न ।
- भरतपुर ५, कैलाशनगरमा जेनेरेटर सेड निर्माण सहित ८२.५ के.भि.ए. क्षमताको जेनेरेटर खरिद गरि जडान गरिएको ।
- कैलाशनगर मध्ये इन्द्रपुरी, पारसनगर र फुलबारीका केही क्षेत्रहरुमा कैलाशनगर पम्पबाट थप पाईपलाईन विस्तार गरी आंशिक सेवा दिईएकोले ।
- खानेपानी तथा सरसफाई डिभिजन न. १ कार्यालयबाट मङ्गलपुर र रामपुर क्षेत्रमा खानेपानी सेवा बिस्तार गर्न १०० मिटर डीप बोरिङ्ग निर्माण गरी ५० के.भि.ए. क्षमताको ट्रान्सफर्मर सहित बिद्युत लाईन जडान गरी र बोरिङ्ग सञ्चालन गरी खानेपानी वितरण भैसकेको ।

- मंगलपुर, पारसनगर, ईन्द्रपुरी र फुलबारी क्षेत्रका बाँकी केहि भागहरुमा बोर्डको मौजुदा प्रणाली बिस्तार गरि सेवा विस्तार गरिएको ।
- आ.ब. २०७३।०७४ देखि र यसै आ.ब. मा पनि वार्ड नम्बर ११ को लागि जखडीमाई सहलगानी खा.पा.आ, मंगलपुरको लागि भरतपुर १५, १६ डिप बोरिङ्ग तथा मंगलपुर खा.पा.आ., कैलाशनगर खा.पा.आ. र गीतानगर खा.पा.आ. र आनन्दपुर आ.पा.आ. सुधार विस्तार कार्यक्रममा समावेश भई प्रत्येक नयाँ खा.पा.आ.को लागि थप केहि बजेट बिनियोजन गरी सेवा बिस्तार गरीएको ।
- आगामी ५ बर्ष भित्र यस महानगरपालिका भित्रका सबै वडाहरुमा डिप बोरिङ्ग बाटै व्यवस्थित खानेपानीको सुविधा पुर्‍याउने योजना रहेको ।

## बोर्डको वर्तमान तथा भावी कार्ययोजना :

सन् २०३० सम्म सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने दिगो विकासको लक्ष्य अनुरुप नेपाल सरकारले तय गरेको लक्ष्य अनुसार आफ्नो सेवा क्षेत्रभित्र आधारभुत तथा मध्यम स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउनु यस बोर्डको प्रमुख दायित्व रहेको छ । आफ्नो व्यवस्थापन संयन्त्र पूर्णरुपमा सक्षम भई नसकेको हालको अवस्थामा यस बोर्डको एकमात्र आन्तरिक श्रोतबाट मात्र उल्लेखित लक्ष्य हासिल गर्नु त्यति सहज देखिदैन । यसको लागि बोर्डले भरतपुर महानगर पालिका, संघीय सरकार अन्तर्गतको खानेपानी मन्त्रालय, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, प्रदेश सरकार अन्तर्गतको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तथा अन्य विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सहकार्य र आन्तरिक सह लगानीमा थप नयाँ आयोजना र कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ ।

यसै सन्दर्भमा,संघीय खानेपानी मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन बिभागको सहलगानी खानेपानी कार्यक्रम मार्फत सह-लगानी मार्फत आयोजनाका थप निर्माण कार्यहरु संचालन गर्ने गरि निर्माण सम्झौता भएको धनगढा सह-लगानी खानेपानी आयोजनाका सम्पूर्ण निर्माण कार्यहरु सम्पन्न भइ उक्त प्रणालीलाई बोर्डको मूल प्रणालीमा समाबेश गरि सेवा सुचारु भईरहेको अवस्थामा छ । यसै गरी भरतपुर महानगरपालिकाको वडा नं. ११ मा खानेपानी सेवा बिस्तारका लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन बिभाग अन्तर्गतको सहलगानी कार्यक्रम मार्फत जखडीमाई सहलगानी खानेपानी आयोजनाका संरचनाहरु निर्माण सम्पन्न भई सेवा सूचारु भएका छन ।

त्यस्तै संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना चितवनको सहयोग र समन्वयमा भरतपुर ३ मा वेलचोक सहलगानी खानेपानी आयोजना र भरतपुर ८ र ९ क्षेत्रलाई समेट्ने गरी शरदपुर सहलगानी खानेपानी आयोजनको डि.पि.आर लगायत बजेट मागको प्रकिया अघि बढेको छ ।

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ मा व्यवस्था भए बमोजिम यस बोर्डले खानेपानी तथा सरसफाई नियमित, व्यवस्थित भरपर्दो बनाउन बोर्डले विगतका वर्षहरुमा जस्तै आगामी दिनहरुमा निम्न अनुसारका कार्यक्रमहरुलाई निरन्तरता दिदै थप केही कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

- खानेपानी सुविधा अभावग्रस्त क्षेत्रहरु र खानेपानीको पाईपलाईन बिस्तार नपुगेका टोल वस्तीहरुमा हरेक वर्ष नँया पाईपलाईन थप विस्तार गर्दै जाने ।
- बोर्डको सेवा क्षेत्रमा नयाँ आयोजना निर्माण गर्दा नयाँ उपभोक्ता संस्थाहरु समेत दर्ता गर्दै जाँदा भविष्यमा बोर्ड र उपभोक्ता संस्था बिच संस्थागत दोहोरोपना आउने र महानगरको खानेपानी व्यवस्थापनमा एकरुपता नहुने भएकोले यस सम्बन्धमा उपयुक्त नीतिगत व्यवस्थाको लागि सम्बन्धित निकायहरुसँग पहल गर्ने ।
- उपभोक्ताबाट संचालन ब्यबस्थापन गरिदै आएका खानेपानी योजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिसँग वार्ता आदिको प्रक्रियाबाट स्वामित्वमा लिई वोर्डले सञ्चालन व्यवस्थापन गर्ने ।
- मौजुदा खानेपानी भण्डारण क्षमता ज्यादै न्युन रहेकोले आवश्यक श्रोत जुटाएर भण्डार क्षमतालाई कमश: वृद्धि गर्दै जाने ।
- प्रदेश सरकार अन्तर्गतको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र संघीय खानेपानी मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवनवाट अघिल्ला आ.व.हरुबाट शुरु गरिएका शिवनगर, शारदानगर, दिव्यनगर, भरतपुर १५, १६ डिपवोरिङ्ग, रामनगर लगायतका खा.पा.आ.हरुमा वोर्डको समेत लगानी गरी आयोजनालाई छिटो सम्पन्न गर्ने र त्यसको संचालन व्यवस्थापन जिम्मा वोर्डले नै गर्ने गरी पहल गर्ने ।

- म.न.पा. भित्रका विभिन्न टोल विकास संस्था, वडा कार्यालय र गै.स.स.को समन्वय र सहकार्यमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, पूर्ण सरसफाई कार्यक्रम, वातावरणमैत्री वार्ड, प्रदुषणमुक्त टोल घोषणा, ग्राहक सचेतना जस्ता स्वास्थ्य सरसफाई र वातावरण सम्वन्धि प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दै वोर्ड र सेवाग्राही वीच सुमधुर सम्वन्ध स्थापित गर्ने ।
- भरतपुर महानगरपालिकासंगको आन्तरिक सहलगानी र समन्वयमा बिगतका बर्षहरुमा जस्तै फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई आदि सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी ठोस तथा तरल फोहर व्यवस्थापनमा महानगरपालिकालाई आवश्यक र रचनात्मक सहयोग गर्ने ।
- म.न.पा. क्षेत्र भित्र आवश्यक र बढी जनघनत्व हुने स्थान र चोकहरुमा सार्वजनिक शौचालयहरु निर्माण गर्ने ।
- भरतपुर महानगरपालिकालाई स्वास्थ्य, सरसफाई र वातावरण संरक्षण सुधारका लागि आवश्यक नीति र कानूनी व्यवस्थाका लागि सहयोग गर्ने ।

## कर्मचारी ब्यवस्था:

हाल बोर्डमा ५ जना स्थायी, करारमा कार्यरत ६४ जना, दैनिक ज्यालादारीमा कार्यरत ११ जना र कार्यकारी निर्देशक सहित जम्मा ८१ जना कर्मचारीहरु कार्यरत छन् । दैनिक रुपमा पम्प सञ्चालन, ग्राहकहरुको खानेपानी मिटर अङ्क रिडिङ्ग, पानीको गुणस्तर परीक्षण र बिद्युत सम्बन्धि मर्मत संभारको लागि १३ जना ब्यक्तिहरुलाई (Outsourcing) गरि काममा लगाईएको छ ।

## भरतपुर खानेपानी व्यवस्थापन वोर्डको आ.व. २०८०।०८१ आम्दानी र खर्चको विवरण:

### आम्दानी तर्फ:

| क्र.स. | शिर्षक बिवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | पानी महशुल वापतको बिलिङ्ग रकम | १३ करोड ९५ लाख ८३ हजार ६८६ | |
| २ | अघिल्ला वर्षहरुको उठ्न बाँकी रकम | ३ करोड ६२ लाख ७ हजार ३४८ | |
| ३ | आ.व.को असार मसान्त सम्म खूद पाउनु पर्ने रकम | १७ करोड ५७ लाख ९१ हजार ३४ | |
| ४ | आ.व.मा महशुल बापत संकलित रकम | १३ करोड ९५ लाख ६ हजार ३०४ | |
| ५ | आ.व.को असार मसान्त सम्म महशुल उठ्न बाँकी रकम | ३ करोड ६९लाख ९५ हजार ६५७ | |
| ६ | अन्य खानेपानी आयोजनाहरु, अनुदान तथा जनश्रमदान स्वरुप प्राप्त रकम | १२ लाख २७ हजार ९०५ | |
| ७ | धारा जडान तथा अन्य सेवा शुल्क शिर्षकवाट | २ करोड ३० लाख २० हजार ५५९ | |
| ८ | आ.व. मा जम्मा हुन आएको बैङ्क ब्याज | ६७ लाख ७७ हजार १२० | |
| ९ | अनुदान बाहेक ४,७ र ८ तीनवटै मिलाएर खुद आय | १६ करोड ९३ लाख ३ हजार ९८३ | |
| १० | गत वर्षको बैंकमा बाँकी रकम | १५ करोड २७ लाख ७५ हजार २४४ | |
| ११ | गत वर्षको वैंकमा बाँकी रकम (१०) समेत आ.ब. २०८०/०८१ को कुल आम्दानी रकम | ३२ करोड २० लाख ७९ हजार २२७ | |
| १२ | प्राप्त अनुदान सहित यस आ.ब.को खुद आम्दानी | ३२ करोड ३३ लाख ७ हजार १३२ | |
| १३ | उल्लेखित रकम आ.व. को बार्षिक लक्ष्यको तुलनामा | १११ प्रतिशत | |

## खर्चतर्फ:

| क्र.स. | शिर्षक बिवरण | रकम, रु. | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न शिर्षकहरुमा भएको कूल सञ्चालन खर्च | ७ करोड २२ लाख ८६ हजार ४३९ | |
| २ | यस आ.व.को खुद आम्दानी | १६ करोड ९३ लाख ३ हजार ९८३ | |
| ३ | खुद आयमा संचालन खर्च घटाउँदा बाँकी वचत | ९ करोड ७० लाख १७ हजार ५४४ | |
| ४ | गत आ.व.को बैङ्क मौज्दात | १५ करोड २७ लाख ७५ हजार २४४ | |
| ५ | आ.व.को बैङ्क मौज्दात समेत गरी कूल बचत | २४ करोड ९७ लाख ९२ हजार ७८८ | |
| ६ | आ.व. मा पूंजीगत तर्फ | १० करोड ७९ लाख ६८ हजार ३२२ | |
| ७ | अन्य खानेपानी आयोजनाबाट श्रमदान तथा अनुदानप्राप्त | १२ लाख २७ हजार ९०५ | |
| ८ | अनुदान समेत पुंजीगत खर्च जम्मा | १० करोड ९१ लाख ९६ हजार २२७ | |
| ९ | नागरिक लगानी कोषमा भएको मौज्दात | ३७ लाख ४० हजार ८८६ | |
| १० | आर्थिक बर्षको अन्तमा जम्मा बचत | १३ करोड ८० लाख ८३ हजार ५८० | |
| ११ | कुल जम्मा | ३२ करोड ३३ लाख ७ हजार १३२ | |

## आ.ब. २०८०।०८१ को लक्षित तथा वास्तविक आम्दानी खर्चको विस्तृत विवरण निम्न अनुसार छ ।

| आम्दानी तर्फ | | | |
|---|---|---|---|
| आम्दानी शिर्षक | अनुमानित आम्दानी | यस वर्षको वास्तविक आम्दानी | प्रतिशत |
| गत आ.व.को अ.ल्या | १५२७७५२४४ | | ० |
| पानी महशुल रिडिङ्ग | १२६५४०००० | १३९५०६३०४ | ११० |
| धारा जडान शुल्क | ११०००००० | १४४०१२५० | १३१ |
| पाईप विक्री | ० | ० | |
| निवेदन दस्तुर | ७४०००० | ८२०१०० | १११ |
| कार्ड विक्री | २५००० | ३०३५० | १२१ |
| नामसारी ठाँउसारी | ३७५००० | ३७८५०० | १०१ |
| वैंक व्याज | २०००००० | ६७७७१२० | ३३८ |
| विविध | १००००० | ३६५७११ | ४२५ |
| थप महशुल | १००००० | ४३५४० | ४४ |
| जरिवाना | ४०००००० | ६६७८९०८ | १६७ |
| नम्वर प्लेट दस्तुर | २२०००० | ३०२२०० | १३७ |
| सडक डिबिजन अनुदान | ९०००००० | १२२७९०५ | २७ |
| कुल जम्मा | ३०६८७५२४४ | १७०५३१८८८ | |

**खर्च तर्फ :**

| खर्च शिर्षक | अनुमानित खर्च | यस वर्षको वास्तविक खर्च | प्रतिशत |
|---|---|---|---|
| तलव तथा ज्याला | ५0000000 | ३५२४३३९६ | ७0 |
| भत्ता | ८00000 | ६४२000 | ८0 |
| वैठक भत्ता | ८८८000 | ३८१000 | ४३ |
| दैनिक भ्रमण भत्ता | ९७६000 | ३0२000 | ३१ |
| सामाजिक उत्तरदायित्व | १२५0000 | १६५७७५ | १३ |
| टेलिफोन महशुल | ३६0000 | ११६१0५ | ३२ |
| परामर्श सेवा | ३७00000 | १६४५२१0 | ४४ |
| तालिम, गोष्ठी, उपभोक्ता सचेतना, चुहावट नियन्त्रण आदि | १५५0000 | ६३0९६४ | ४१ |
| ग्राहक नम्वरिङ कार्यक्रम | ५00000 | १९६६२0 | ३९ |
| वातावरणीय सरसफाई कार्यक्रम | ४५0000 | 0 | 0 |
| पानी सुरक्षा योजना | ४५0000 | २५९८४७ | ५७ |
| पत्रपत्रिका र विज्ञापन | २00000 | १९८४३५ | ९९ |
| अतिथि सत्कार | ३00000 | २३१७४0 | ७७ |
| विद्युत महशुल | ३0000000 | २४0२४१७0 | ८0 |
| ईन्धन सवारी | ७२0000 | ५९0१८४ | ८२ |
| ईन्धन अन्य (जेनेरेटर) | ६७२0000 | ५२१२६९९ | ७८ |
| मसलन्द कार्यालय सामान | ७२0000 | ४00७0३ | ५६ |
| लेखा परिक्षण | २५0000 | १५३000 | ६१ |
| छपाई | ११५४000 | ८१८0१५ | ७१ |
| केमिकल (ब्लिचिङ पाउडर) खरिद | ३१५000 | 0 | 0 |
| विविध खर्च | ९२0000 | ६0८४९४ | ६६ |
| मर्मत , ढुवानी | ६00000 | ४६६0८२ | ७८ |
| महशुल निर्धारण आयोगको सेवा शुल्क | ५६४४७0५ | 0 | 0 |
| महशुलमा छुट | ४000000 | 0 | 0 |
| महशुल मिलान | १00000 | 0 | 0 |
| वैंक कर खर्च | ३00000 | 0 | 0 |
| जम्मा चालु खर्च | ११२,८६७,७0५ | ७२,२८६,४३९ | ६४ |
| भरतपुर खा.पा.आ.मर्मत सुधार | १५५00000 | १५२८८७0४ | ९८ |
| भरतपुर खा.पा.आ. सुधार विस्तार | ४२000000 | ४१८३४२४८ | १00 |
| कैलाशनगर- फुलवारी खा.पा.आ. | ६000000 | 0 | 0 |

| खर्च शिर्षक | अनुमानित खर्च | यस वर्षको वास्तविक खर्च | प्रतिशत |
|---|---|---|---|
| पटिहानी खा.पा.आ. | ५०००००० | ९९१५४३ | २० |
| मंगलपुर खा.पा.आ. | ६०००००० | २३७९०७१ | ४० |
| गितानगर खा.पा.आ. | १०००००००० | ५७७४६९४ | ५८ |
| आनन्दपुर खा.पा.आ | ५०००००० | २७८५८११ | ५६ |
| सहलगानी खा.पा.आ.जखडीमाई | ५५०००००० | ४५४७३६९ | ८३ |
| सहलगानी खा.पा.आ.देवनगर | ३५०००००० | ० | ० |
| फर्निचर खरिद | ६००००० | १३८४५४ | २३ |
| मेशन तथा विद्युति उपकरण खरिद | १३०००००० | ८८७६६४६ | ६८ |
| कार्यालय उपकरण खरिद | १३००००० | ७०८९२५ | ५५ |
| कार्यालय नयाँ भवन | २०००००००० | ० | ० |
| भवन मर्मत, रङ्गरोगन, सेड निर्माण | ८७०००००० | ७१८८७५९ | ८३ |
| शिर्षक वाहेक आकस्मिक खर्च | ० | ० | ० |
| गत वर्षको भुक्तानी वाँकी | १०४९४२१५ | ० | ० |
| जग्गा खरिद,पुँजीगत खर्च | १५०००००० | १४८००३४९ | ९९ |
| धरौटी फिर्ता | ४५००००० | २६५३७४८ | ५९ |
| जम्मा पुँजीगत खर्च | १७२०९४२१५ | १०७९६८३२२ | ६१ |
| कुल जम्मा खर्च :- | २८४९६१९२० | १८०२५४७६१ | ६३ |

## आ.व. २०८०/०८१ मा बोर्डबाट गरिएका मुख्य कार्यहरू:

- आ.व.मा २५०० निजि धारा वितरण गर्ने लक्ष्य रहेकोमा जम्मा २९५० वटा निजि धारा वितरण गरिएको ।
- महानगरपालिकाका १ देखि १६ र २२ नं. वडाहरुमा कुल ६७.१३७ कि.मि.थप पाईप लाईन बिस्तार गरिएको जसमध्ये ६४.६५ कि.मी बोलपत्र र दरभाउपत्र आव्हान गरि भएको र २.४९ कि.मी उपभोक्तासँगको जनसहभागिता मार्फत गरिएको ।
- भरतपुर वडा नं. ७ नमुना टोलमा विद्युत जडान र पम्प घर निर्माण गरी नयाँ डिप वोरिङ संचालन गरिएको । यसले गर्दा महानगरका वडा नं. ७ र ९ का समस्याग्रस्त स्थानमा खानेपानी वितरणलाई थप प्रभावकारी बनाईएको ।
- कृष्णपुर शाखामा पटक पटक विद्युतीय कारणले हुने समस्यालाई हल गर्दे ३०० के.भि.ए क्षमताको नयाँ ट्रान्सफर्मर खरिद गरि जडान गरिएको ।
- आनन्दपुर स्टेशनमा जेनेरेटर सेड निर्माण गरेर ८२.५ के.भि.ए क्षमताको डिजेल जेनेरेटर खरिद गरी संचालन गरिएको ।
- गीतानगर खानेपानी आयोजनाको सेवा क्षेत्र भित्र कुल ३८ कि.मी पाईपलाईन विस्तार गरी महानगरको वडा नं. ६ का अधिकांश जनता शुद्ध खानेपानीबाट लाभान्वित भएको ।
- भरतपुर १० स्थित मुख्य कार्यालयको प्रशासनिक भवन जिर्ण भएकाले राष्ट्रिय भवन संहिता अनुरुपको प्रशासनिक भवनको ठेक्का आव्हान गरिएको ।
- हुलाकी सडक खण्डमा पर्ने भरतपुर १० हाकिमचोक देखी भरतपुर ७ सिताराम चोक सम्म डिभिजन सडक कार्यालयसँगको समन्वय र सहकार्यमा करिब ८ कि.मी क्षमता विस्तार गर्दै पुराना पाईपलाईन विस्थापीत गरि नयाँ पाईपलाईन विस्तार गरिएको ।
- भरतपुर महानगरपालिका वडा नं. ४ मा अवस्थित वैदिकनगर खानेपानी आयोजना का विभिन्न स्थानमा थप पाईप विस्तार सँगै करिब २ कि.मी क्षमता विस्तार गरिएको ।
- भरतपुर महानगरपालिका वडा नं. १५ स्थित फुलबारी खानेपानी आयोजनको सेवा क्षेत्रमा करिब ४.५ कि.मी पाईपलाईन विस्तार गरिएको ।

- तोरिखेत खानेपानी आयोजना वडा नं. ५ का अवस्थित स्टेसनमा पर्खाल लगाई ४० के.भि.ए क्षमताको डिजेल जेनेरेटर खरिद गरी संचालन गरिएको ।
- भरतपुर महानगरपालिका वडा नं. २२ मा अवस्थित पटिहानी खानेपानी आयोजनाको स्टेशनमा पर्खाल मर्मत, रंगरोगन, मोजाएक टायल लगाई सौन्दर्यकरण गरिएको ।
- भरतपुर महानगरपालिका वडा नं. ४ मा रहेको सानो यज्ञपुरी खानेपानी आयोजना छिटो संचालनका लागि सहयोग पुगोस भन्ने हेतुले करिब ६ कि.मी पाईपलाईन विस्तार गरिएको ।
- थप पाईपलाईन विस्तारका लागि खरिद प्रक्रियाबाट ५१.१५ कि.मी पाईप खरिद गरिएको ।
- विभिन्न सार्वजनिक निकाय मार्फत भएका विकास निर्माणका कार्य गर्दा भएको क्षति न्यूनीकरणका लागि करिब ५ कि.मी पाईपलाईन प्रतिस्थापन गरिएको ।
- बाईपास सडक खण्ड र पुल्चोक गोन्द्राङ सडक खण्डमा विस्तार भएका नयाँ पाईपलाईन र पुराना शाखा लाईनमा इन्टरकनेक्सन गरिएको ।
- बोर्डको सेवाक्षेत्र भित्र रहेका प्रत्येक वडा मा भएका ग्राहक मध्य करिब ५ प्रतिशत ग्राहकहरु Random sampling को आधार मा छनौट गरी विभिन्न सूचकहरु राखी जम्मा १८०० ग्राहकहरुको ग्राहक सन्तुष्टि सर्भेक्षण (Consumer satisfaction survey) कार्य सम्पन्न गरिएको ।

## भरतपुर खानेपानी आयोजना सुधार विस्तार:

**वितरण प्रणाली थप भएका मुख्य स्थानहरू :**

| क्र.सं. | स्थान | वडा नं. | परिमाण (मि.) | कैफियत |
|---|---|---|---|---|
| १ | बौद्ध चोक बाट भित्र (पूर्व) | ६ | २,३७१ | |
| २ | गंगा देवी हार्डवेयर देखि उत्तर को बाटोमा | ६ | १,४५० | |
| ३ | पाडेघुम्ती देखि बीसहजार ताल चोक | ६ | १,९०० | |
| ४ | जन कल्याण चोक देखि इन्द्रपुरी चोक सम्म | ६ | १,१०० | |
| ५ | जानकी टोल गेट देखि भित्र गई गाई फर्म सम्म | ६ | ६५० | |
| ६ | पारस नगर चोक देखि पूर्वजानकी पार्क सम्म | ६ | ६५० | |
| ७ | इन्द्रपुरी चोक, देखि चोक बजार पश्चिम | ६ | १,१०० | |
| ८ | बीसहजार तालचोक देखि चोक बजार पूर्व | ६ | २,६१३ | |
| ९ | ईन्द्रपुरी चोकदेखि बौद्ध चोकसम्म (दुर्गापञ्चायन टोल बिकास संस्था) | ६ | ३५० | |
| १० | खरदार चोकदेखि दुईतले होटलसम्म (विवेकशील टोल बिकास संस्था) | ६ | ४८१ | |
| ११ | खरदारचोक देखि बिनायक बालबाटिका | ६ | ३९४ | |
| १२ | ईन्द्रपुरी मार्ग-९ देखि ईन्द्रपुरी स्कुलसम्म | ६ | ३५० | |
| १३ | बिनायक बालबाटिकादेखि गितानगर कलभर्टसम्म (विवेकशील टोल बिकास संस्था) | ६ | ४३५ | |
| १४ | बैद्य चोक देखि पूर्व कलभर्टसम्म (प्रतिभा टोल बिकास संस्था) | ८ | ६४० | |
| १५ | दाङचोक देखि बैद्यचोक | ६ | १,१५४ | |
| १६ | धौलागिरी मार्ग देखि मिलिजुली चोक- मिलिजुली चोक देखि सिताराम चोक (शिर्जनशील टोल बिकास संस्था) | ५ | ९०५ | |
| १७ | ईन्द्रपुरी स्कुलदेखि पूर्व तुलसीचोक हुदैं कलभर्टसम्म | ६ | ७०५ | |

| | | | | |
|---|---|---|---|---|
| १८ | बिनायक बालबाटिका चोक देखि त्रिचोक- त्रिचोकदेखि उप्रेति चोक र त्रिचोकदेखि शान्तिचोक (त्रिचोक टोल बिकास संस्था) | ६ | २,१४० | |
| १९ | तुलसीचोकदेखि दाङ्चोक (ईन्द्रसरोबर टोल बिकास संस्था) (जनकल्याण टोल बिकास संस्था) | ६ | ८०० | |
| २० | दाङचोकबाट शिवालय मन्दिर-शिवालय मन्दिरबाट मिलिजुली चोक (नवकल्याण टोल बिकास संस्था) | ५ | ९२० | |
| २१ | (सिद्धेश्वर टोल बिकास संस्था) गीतानगर पानी ट्याङ्कीको दक्षिण सतिना किराना पसल यसै पाईपको पुर्व शाखा तिर | ६ | ५५४ | |
| २२ | (सिद्धेश्वर टोल बिकास संस्था)शाखा २ मा | ६ | १०० | |
| २३ | (चोकबजार टोल बिकाश संस्था) मार्ग नं. ८ | ७ | ३५३ | |
| २४ | (छिमेकी टोल बिकास संस्था) गीतानगर पानी ट्याङ्को अगाडि दक्षिण तिर | ६ | ३३६ | |
| २५ | गीतानगर मेनरोडदेखि उत्तर ग्रीन कटेज सम्म | ७ | ४२६ | |
| २६ | शान्ति टोल बिकाश सस्था मार्ग नं. ७ | ६ | ८४५ | |
| २७ | चोक बजार बाट पश्चिम बाया तर्फ | ६ | ३५६ | |
| २८ | चोक बजार बाट दक्षिण सिर्जनसिल टोल | | २४० | |
| २९ | चोक बजार बाट दक्षिण सिर्जनसिल टोल २, | | २८१ | |
| ३० | चोक बजार बाट दक्षिण सिर्जनसिल टोल ४, | ६ | २६२ | |
| ३१ | उमेश मार्ग टोल विकास संस्था | ७ | १,४३५ | |
| ३२ | आकृति टोल विकास संस्था | ६ | ९१५ | |
| ३३ | आकृति टोल विकास संस्था | ६ | २५० | |
| ३४ | चोक बजारबाट पुर्व बाँया डेरी चोक जाने बाटोमा | ६ | ६०० | |
| ३५ | पारस नगर टोल दिदि बहिनी मार्ग | ६ | ५२० | |
| ३६ | हाईवेबाट पश्चिम इन्द्रापुरी स्कुल | ६ | २४५ | |
| ३७ | हाईवेबाट पश्चिम इन्द्रापुरी स्कुल जाने बाटोमा | ६ | २०० | |
| ३८ | इन्द्रसरोवर टोल विकास संस्था बेधनिधी मार्ग नं. १ | ६ | ४२२ | |
| ३९ | आँपटारी के.बी. लाइन | ६ | ४०० | |
| ४० | जनकल्याण टोल बिकास संस्था मार्ग नं ७ | ७ | २१० | |
| ४१ | तुलसी विष्णु मार्ग | ६ | २१० | |
| ४२ | श्रीकृष्ण मार्ग | ६ | २५० | |
| ४३ | जानकी टोल बिकास संस्था युधिष्ठिर मार्ग | ८ | २५१ | |
| ४४ | जानकी टोल बिकास संस्था अर्जुन मार्ग | ८ | १०० | |
| ४५ | जानकी टोल बिकास संस्था पुरानो मार्ग | ८ | ३९० | |
| ४६ | पश्चिम जानकी टोल गेट भित्र बाँया दोस्रो मार्ग | ८ | २८६ | |
| ४७ | पश्चिम जानकी टोल गेट भित्र दाँया पहिलो बाटो | ८ | २९० | |
| ४८ | पश्चिम जानकी टोल गेट भित्र बाँया पहिलो रोड | ८ | २७० | |

| | | | | |
|---|---|---|---|---|
| ४९ | ईन्द्रपुरी मार्ग नं १८ | ६ | ७१० | |
| ५० | कोची होटल उत्तर थापा टोल | ६ | ६०० | |
| ५१ | गीतानगर कलभर्ट देखि पुल्लर चोकसम्म | ६ | १,१७२ | |
| ५२ | शान्ति चोकदेखि पाठक चोकसम्म | ६ | ३०४ | |
| ५३ | इन्द्रपुरी मार्ग ९ देखि पश्चिम पाठक चोक | ६ | १,०१२ | |
| ५४ | बि. पि. चोकदेखि रेडक्रस भवनसम्म | ६ | ३४२ | |
| ५५ | बुद्धचोक स्टेसन बाट हाकिमचोक | ७, ९ | १,३४६ | |
| ५६ | मुनाल चोक बाट पश्चिम र दक्षिण | १२ | १,०७६ | |
| ५७ | महेन्द्र चोकबाट जयनेपाल चोक र महेन्द्र चोकबाट मनकामना चोक | १५ | २,४४२ | |
| ५८ | छ मुखे चोक बाट जयनेपाल चोक | १५ | १,७०५ | |
| ५९ | डेरी चोक लाइन र भद्रकाली चोक लाइन | १५ | १,९५४ | |
| ६० | उजेली चोक देखि पश्चिम | १३ | १,२१० | |
| ६१ | पद्मशेर चोक - रोज गार्डेन पार्टी प्यालेस हुँदै आदर्श चोक | ९ | ९७७ | |
| ६२ | शान्ति टोल र नयाँ किरण मा.वी आसपास | ११ | १,४०० | |
| ६३ | कटहर चोक - पिपल चोक हुँदै त्रिचोक | ४ | ३,३९९ | |
| ६४ | दुर्गा मन्दिर देखि पश्चिम | २ | ४६२ | |
| | | | ५२,३१६ | |

## भरतपुर खानेपानी आयोजना मर्मत सुधार:

आ.व. २०८०।०८१ मा भरतपुर खानेपानी आयोजना मर्मत सुधार अन्तर्गत भएका मुख्य कार्यहरु यस प्रकार छन् ।

| क्र.स | मुख्य कार्यहरु | भरतपुर-१० कार्यालयबाट | कृष्णपुर-७ कार्यालयबाट | जम्मा |
|---|---|---|---|---|
| १ | ठूला लिक मर्मत | ४४४ | १४४ | ५८८ |
| २ | साना लिक मर्मत | ४३६ | ३०० | ७३६ |
| ३ | ग्राहकको धाराको होल परिबर्तन | १२८ | १९ | १४७ |
| ४ | ग्राहकको धाराको लागत कट्टा गर्ने | १२ | ७ | १९ |
| ५ | ग्राहकको धाराको मिटर सार्ने | १०३ | ४७ | १५० |
| ६ | नयाँ मिटर बदली गर्ने | २९८ | १६१ | ४०३ |
| ७ | पुरानो मिटर मर्मत कार्य | ३४४ | १४० | ४११ |
| ९ | अन्य (गेट भल्भ मर्मत, सार्ने) | १०१ | ४१ | १४२ |

- विभिन्न स्टेशनमा अवस्थित पानी तान्ने मोटर, पम्प, ट्रान्सफर्मर, प्यानल बोर्ड लगायत अन्य विद्युतिय उपकरणहरुको नियमित मर्मत संभार ।
- विभिन्न स्थानमा रहेका १२ सेट जेनरेटरहरु नियमित रुपमा सर्भिसिङ्ग, मर्मत र संचालन गर्ने गरिएको ।
- डिबिजन सडक कार्यालयले र भरतपुर महानगरपालिका अन्तर्गतका विभिन्न सडकहरुको सुधार विस्तार मर्मत, सतह ढल निर्माण गर्ने क्रममा टुटफुट हुन गएका र जेसिबिको प्रयोग गर्दा फुटेका उप्किएका पाईपहरुको मर्मत सुधार एवं प्रतिस्थापन गरिएको ।

## बोर्डबाट संचालित मुख्य खानेपानी आयोजना र तिनको हालसम्मको संक्षिप्त विवरणः

### धनगढा खानेपानी आयोजनाः

- भरतपुर म.न.पा. वडा नं. ९, ११, १२ मुख्य सेवा क्षेत्र रहेको नेपाल सरकार संघीय खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतको सहलगानी खानेपानी कार्यक्रम र खानेपानी व्यवस्थापन वोर्डको सहलगानीमा निर्माण सम्पन्न धनगढा सह-लगानी खानेपानी आयोजना अन्तर्गत बितरण पाईप सञ्जालको बिभिन्न स्थानहरुमा सडकहरुको सुधार, विस्तार, मर्मत, सतह ढल निर्माण गर्ने क्रममा हुन गएका टुटफुट र जेसिविको प्रयोग गर्दा फुटेका काटिएका पाईपहरुको मर्मत सुधार एवं प्रतिस्थापन गरिएको ।
- आयोजनाको बिभिन्न स्थानहरुमा गरी जम्मा ७१.४० कि.मि. पाइपलाईन बिस्तार भएको
- भ.म.न. पा १२ मा अवस्थित आयोजनाको कार्यालय रहेका स्थानमा ४०० घ.मी क्षमताको ग्राउन्ड रिजर्भ टंकी २ वटा , ४५० घ.मि क्षमताको ओभरहेड टंकी १ वटा र डिप वोरिङ २ वटा निर्माण गरिएको ।
- उक्त स्थानमा १०० के.भि.ए ट्रान्सफर्मर १ वटा र १०० के.भि.ए डिजेल जेनेरेटर १ वटा राखिएको ।

### प्रेमवस्ती कालिका खानेपानी आयोजनाः

- प्रदेश सरकार अन्तर्गतको खानेपानी तथा ससरसफाई डिभिजन कार्यालय र यस बोर्डको आन्तरिक सह-लगानी मा कम्पाउण्ड वाल तथा मेन गेट निर्माण गरिएको ।
- प्रदेश सरकार अनतर्गत खा.पा.तथा स.स.डिभिजन कार्यालय, चितवन र बोर्डको सह-लगानीमा चारकोठे कार्यालय भवन निर्माण गरिएको ।
- बिभिन्न मापका ४.६ कि.मि. एच.डि.पि.ई.पाईप, फिटिङ्गसहरु जडान, ईन्टर कनेक्शन, सडक पिच कटान र मर्मत ।
- मुख्य भल्भ च्याम्बर निर्माण गरिएको ।

### कैलाशनगर खानेपानी आयोजनाः

यस आयोजनाको सेवा क्षेत्र भरतपुर महानगरपालिका वडा नं. ५ रहेको छ । जस अन्तर्गत

- करिब २२ कि..मि. पाईपलाइन विस्तार गरिएको ।
- डिप वोरिङ २ वटा, ४५० घ.मि क्षमताको ओभरहेड टंकी १ वटा निर्माण सम्पन्न भएका ।
- १०० के.भि.ए र ५० के.भि.ए को एक, एक गरी जम्मा २ वटा ट्रान्सफर्मर जडान गरिएको ।
- ८२.५ के.भि.ए डिजेल जेनेरेटर राखिएको ।

### फुलबारी खानेपानी आयोजनाः

यस आयोजनाको सेवा क्षेत्र भरतपुर महानगरपालिका वडा नं. १५ रहेको छ । जस अन्तर्गत

- करिब १८ कि..मि. पाईपलाइन विस्तार गरिएको ।
- डिप वोरिङ १ वटा, २२५ घ.मि क्षमताको ओभरहेड टंकी १ वटा निर्माण सम्पन्न भएका ।
- १०० के.भि.ए को १ वटा ट्रान्सफर्मर जडान गरिएको ।

### आनन्दपुर खानेपानी आयोजनाः

यस आयोजनाको सेवा क्षेत्र भरतपुर महानगरपालिका वडा नं. ४, ५ र १५ रहेको छ । यस अन्तर्गत

- करिब २५ कि.मी पाईपलाईन विस्तार भएको छ ।
- डिप बोरिङ २ वटा निर्माण गरिएको छ ।
- ५० के.भि. ए को १ वटा ट्रान्सफर्मर र ८२.५ के.भि.ए को १ वटा डिजेल जेनेरेटर जडान गरिएको ।
- ४५० घ.मि क्षमताको ओभरहेड टंकी निर्माण सम्पन्न भएको छ ।

## पटिहानी खानेपानी आयोजना:

- यस आयोजनाले भरतपुर महानगरपालिका वडा नं. २२ मा सेवा प्रदान गरेको छ । यहाँ बोर्डले २ कठ्ठा जग्गा खरीद गरी बोर्ड, संघिय खानेपानी र उपभोक्ताको सहकार्यमा विभिन्न संरचनाहरु निर्माण गरिएका छन । यस अन्तर्गत
- करिब २२ कि.मी पाईपलाईन विस्तार भएको छ ।
- ४५० घ.मि क्षमताको ओभरहेड टंकी निर्माण सम्पन्न भएको छ ।
- डिप बोरिङ २ वटा निर्माण गरिएको छ ।
- ५० के.भि. ए को १ वटा ट्रान्सफर्मर र ८२.५ के.भि.ए को १ वटा डिजेल जेनेरेटर जडान गरिएको ।

## मंगलपुर खानेपानी आयोजना:

यस आयोजनको कार्यक्षेत्र भरतपुर महानगरपालिका वडा नं. १५ र १६ रहेको छ । यहाँ बोर्ड, संघीय खानेपानी, प्रदेश खानेपानी र उपभोक्ताको संयुक्त सहकार्यमा विभिन्न संरचनाहरु निर्माण भएका छन ।

- करिब १८ कि.मि पाईपलाईन विस्तार गरिएको छ
- डिप बोरिङ २ वटा निर्माण गरी ५० के.भि.ए को १ वटा ट्रान्सफर्मर जडान गरिएको छ ।
- ४५० घ.मी क्षमताको १ वटा ओभरहेड टंकी निर्माण सम्पन्न भएको छ ।
- उपलब्ध बागमती प्रदेश सरकार, डिभिजन नं. १, हटौंडा मार्फत कम्पाउण्ड वाल र गेट निर्माण गरिएको ।
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, चितवन मार्फत डिप बोरीङ, प्यानल बोर्ड घर र चेनपुल्ली स्ट्याण्ड निर्माण गरिएको ।

## जखडीमाई खानेपानी आयोजना:

- संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र भरतपुर खानेपानी व्यवस्थापन बोर्डको सह-लगानीमा संचालित यस आयोजनाको सेवा क्षेत्र भरतपुर वडा न. ११ रहेको छ । जसमा...
- करिब ७३.८ कि.मी पाईपलाईन विस्तार गरिएको छ ।
- डिप बोरिङ २ वटा निर्माण गरी १०० के.भि.ए को १ वटा ट्रान्सफर्मर जडान गरिएको छ ।
- १०० के.भि.ए को १ वटा डिजेल जेनेरेटर संचालनमा राखिएको ।
- भ.म.न पा ११ मा ४५० घ.मी र वडा नं. १० मा ९०० घ.मी क्षमताको ओभरहेड टंकी निर्माण सम्पन्न भएको छ ।

## देवनगर खानेपानी आयोजना:

भरतपुर खानेपानी व्यवस्थापन वोर्डले ३.५ कट्ठा जग्गा खरीद गरिएको यस आयोजनामा भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, बागमती प्रदेश खानेपानी तथा सरसफाई डिभिजन नं. १ मकवानपुर र उपभोक्तासँगको सहकार्यमा निर्माण गरिएका विभिन्न संरचना मार्फत भरतपुर महानगरपालिका वडा नं. ६ र १३ का बासिन्दालाई खानेपानी सेवा दिने लक्ष्य राखेको छ । यस अन्तर्गत

- करिब ४६.२८ कि.मी पाईपलाईन विस्तार गरिएको छ ।
- डिप बोरिङ २ वटा निर्माण गरी ५० के.भि.ए को २ वटा ट्रान्सफर्मर जडान गरिएको छ ।
- २२५ घ.मी क्षमताको २ वटा ओभरहेड टंकी निर्माण सम्पन्न भएको छ ।

## गीतानगर खानेपानी आयोजना:

यस आयोजनाले भरतपुर महानगरपालिका वडा नं. ६ का बासिन्दालाई प्रत्यक्ष सेवा प्रदान गरेको छ । यस अन्तर्गत करिब ३८.२ कि.मी पाईपलाईन विस्तार भएको छ ।

- डिप बोरिङ १ वटा निर्माण गरिएको छ ।
- ५० के.भि. ए को १ वटा ट्रान्सफर्मर जडान गरिएको
- ४५० घ.मि क्षमताको ओभरहेड टंकी निर्माण सम्पन्न भएको छ ।

**कार्यालय भवन मर्मत तथा सेड निर्माण:**

- भरतपुर महानगरपालिका वडा नं २ स्थित स्टेसनमा कुरुवा घर निर्माण ।
- बुद्धचोक स्टेसनमा पम्प घर निर्माण ।
- रोजगार्डेन स्टेसनमा पर्खाल निर्माण ।
- तोरिखेत स्टेसनमा पर्खाल तथा जेनेरेटर सेड निर्माण ।
- पटिहानी स्टेसनमा मोजायक टायल लगाउने, रंगरोगन तथा भल्ब च्याम्बर निर्माण गरिएको ।

**वातावरणीय सरसफाई कार्यक्रम:**

- वातावरणीय सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने खालका विभिन्न जनचेतनामुलक कार्यक्रम आयोजनाका लागि विभिन्न संघ संस्थालाई सहयोग ।
- विश्व वातावरण दिवस, पानी दिवस, हात धुने दिवस, लगायतका दिवसहरुमा विभिन्न कार्यालय र संघ-संस्था संग समन्वय तथा सहभागिता ।
- भरतपुर महानगरपालिकाको आँपटारी चोक र र पुल्चोक नारायणी नदी किनारामा पैदल यात्री र यात्रा सवार यात्रुहरुको सुविधाको लागि यस वोर्डबाट निर्माण गरि स्थानीयको रेखदेखमा रहेका सार्वजनिक शौचालयहरुको नियमित अनुगमन र आवश्यकता अनुसार मर्मत कार्य ।
- जैविक फोहर घरमै व्यवस्थापनको लागि भरतपुर महानगरपालिकाको विभिन्न टोलमा जैवीक फोहर ब्यवस्थापन प्रवर्द्धनको लागि बोर्डबाट ५० प्रतिशत रकम अनुदान सहित कम्पोष्ट च्याम्वर बितरण गरिएको ।

**तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम:**

- बोर्डको आम्दानी तथा खर्च, बार्षिक कार्यकम तथा सेवाशुल्कहरु लगायतका सूचनाहरु सेवाग्राही सम्म पुऱ्याउन विभिन्न पत्रपत्रिका, एफ.एम., टेलिभिजन, फ्लेक्स प्रिन्ट आदिबाट सार्बजनिकरण गरिएको ।
- खानेपानी धाराहरुको ब्यापक अनुगमन गरि आ.ब २०८०।०८१ मा १२ जनाबाट रु.४३,५४० थप महशुल संकलन भएको ।
- बोर्डको नीति अनुरुप थप महशुल बापत संकलित रकममध्ये २० प्रतिशत रकम अनुगमनमा खटिएका कर्मचारीहरु र सूचना दिने ब्यक्तिहरुलाई प्रोत्साहन स्वरुप प्रदान ।
- बोर्डमा आवद्ध सबै खानेपानी उपभोक्ता समितिका अध्यक्षहरु, भरतपुर महानगरपालिका क्षेत्र भित्र खानेपानी सञ्चालन ब्यबस्थापन गर्ने अन्य केहि उपभोक्ता समितिका अध्यक्षहरु, केहि वडाका वडा अध्यक्ष र यसै बोर्डका बोर्ड सदस्यहरु समेतको सहभागिता रहेको खानेपानी सुरक्षा समितिको बैठकको आयोजना गरि छलफल ।
- सम्पुर्ण कर्मचारीहरुमा क्षमता अभिवृद्धि तालिम संचालन गरिएको ।

**खानेपानी सुरक्षा योजना (Water Safety Plan):**

- वोर्डका कार्य समिति सदस्य, भरतपुर महानगरपालिका, खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, वडा अध्यक्ष, स्थानिय उपभोक्ता समितिका प्रतिनिधि सम्मेलित खानेपानी सुरक्षा टोलीको बैठक, छलफल तथा अन्तक्रिया ।
- वोर्डका कर्मचारीहरुको तहमा खानेपानी सुरक्षा सम्बन्धि प्राविधिक टोलीको गठन गरि वोर्डको सेवा प्रणालीमा नियमित अनुगमन गर्ने गरिएको र कहि कतै खानेपानी प्रदुषण सम्बन्धि शंका भएको वा जानकारी आएको समयमा तत्काल छानविन गरि प्रदुषण रोकथाम गरिएको ।
- खानेपानी सुरक्षा सम्बन्धि प्राविधिक टोली लगायत वोर्डका विभिन्न पम्प स्टेशनमा कार्यरत पम्प अपरेटरलाई पानी सुरक्षा योजना सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रमको आयोजना ।
- बोर्डको सेवा क्षेत्रभित्रका सडक सुधार, बिस्तार र सडक ढल निर्माणका क्रममा जे.सि.वि.जस्ता ठुला मेसीनको प्रयोगका कारण सडक किनारामा रहेका खानेपानी वितरण प्रणालीका पाईपहरु काटिने, भाँच्चिने भई क्षति हुँदा खानेपानी प्रदुषणको जोखिम रहने भएकोले जोखिम न्युनिकरणका लागि सम्बन्धित वडा कार्यालय, टोल विकास संस्था, सडक डिभिजन कार्यालय, सघन शहरी विकास

कार्यालयमा समन्वय र सहकार्यको लागि लिखित अनुरोध गरिएको ।

- समय समयमा बिभिन्न स्थानहरुबाट उपभोक्ता लगायत सरोकारवालाहरुबाट प्राप्त हुने सुचना, जानकारीका आधारमा जोखिमयुक्त स्थानहरुको पहिचान गरि पाईपलाइनहरुको स्तरोन्नति गरिएको ।
- जिल्ला स्थित WASH सेक्टरको नियमित वैठकमा उपस्थित जनाउदै बाढी पहिरो जस्ता प्राकृतिक बिपत्तिका कारण हुन सक्ने खाने पानी प्रदुषणजोखिम न्युनिकरण र तात्कालिन अबस्थामा अपनाउनु पर्ने पूर्व तयारीका बिषयमा छलफल ।
- बोर्ड अन्तर्गतका सबै श्रोत (डीप बोरीङ्ग) हरुको पानीको नमुना संकलन गरि क्षेत्रीय पानी परीक्षण प्रयोगशालामा परीक्षण गर्ने गरिएको ।
- बोर्ड अन्तर्गतका सबै श्रोत (डीप बोरीङ्ग) हाता भित्र नियमित सरसफाई गरिएको ।
- बोर्ड अन्तर्गतका केहि स्टेशनहरु (बाइपास रोडको बिशाल चोक, मालपोत चोक, आँपटारी, कृष्णपुर, धनगढा, प्रेमबस्ती र पटिहानी) बाट उत्पादन हुने पानीमा नियमित क्लोरिन मिश्रण गरिएको ।
- मालपोतचोक, रिजालचोक र आँपटारीमा Dosing Pump सहितको क्लोरिनेसन युनिट र भरतपुर, कृष्णपुर र नगरपालिका स्टेसनमा Gravity Flow Mechanism बाट क्लोरिनेसन गर्ने व्यवस्था मिलाईएको ।
- गुणस्तर अनुगमनको लागि ३० जना ग्राहकहरुको धाराबाट मासिक रुपमा पानीको नमूना संकलन गरि गुणस्तर (धमिलोपना, पि.एच., रेजिड्युवल क्लोरिन, कोलिफर्म ब्याक्टेरीया आदिको) परिक्षण गर्ने गरिएको ।
- परिक्षणको नतीजा नियमित रुपमा बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको ।
- बोर्ड अन्तर्गतको पाईप सञ्जालमा कहि कतै पाईप फुटेर बाहिरको प्रदुषित पानी बितरण सञ्जालमा प्रबेश गर्न सक्ने स्थानहरुमा खानेपानी सुरक्षा टोली तत्कालै परिचालित भएको ।

## आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम:

भरतपुर महानगरपालिका क्षेत्र भित्र खानेपानी सेवालाई प्रभावकारी तवरले सञ्चालन र ब्यवस्थापन गरि महानगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउनका लागि भरतपुर खानेपानी ब्यवस्थापन बोर्डले यस आ.व.मा देहायको नीति र कार्यक्रम प्रस्ताव गरेको छ :

### नीति :-

१. महानगरपालिका क्षेत्रभित्रको भूमिगत जल उपयोगको लागि "भूमिगत स्रोतको पानी निकाल्ने तथा उपयोग गर्न अनुमतीपत्र जारी गर्ने निर्देशिका" तयार गरि प्रभावकारी कार्यान्वयन गर्ने ।

२. बोर्डको सेवा क्षेत्र भित्र हालको दैनिक पानी वितरण अवधिलाई क्रमश: बृद्धि गर्दै निरन्तर वितरण प्रणालीतर्फ उन्मुख हुने ।

३. वोर्डमा हाल कायम रहेको खानेपानी महशुल लगायत अन्य सेवा बापतको दरमा समयसापेक्ष पुनरावलोकन गरि ग्राहकहरुलाई थप प्रभावकारी, भरपर्दो र सुलभ सेवा प्रदान गर्ने ।

४. हालसम्म पनि खानेपानीको सेवा नपुगेका, सुख्खाग्रस्त, पिउने पानीको बैकल्पिक श्रोत बिहिन र बिकट तथा खानेपानीको श्रोत अभावका कारण सेवा बिस्तार हुन नसकेका गाँउ र बस्तीहरुमा श्रोत ब्यबस्थापन गर्दै महानगरपालिका सँग समन्वय गर्दै प्राथमिकताका आधारमा खानेपानीका आयोजनाहहरु निर्माण गर्ने ।

५. जिल्ला स्थित केन्द्र सरकार मातहतको संघीय खानेपानी तथा ढल व्यबस्थापन आयोजना, प्रदेश सरकार मातहतको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र स्थानीय सरकार अन्तर्गतको महानगरपालिका र वडा कार्यालयहरु बिच आपसी समन्वय गरी आन्तरिक साझेदारिको सिद्धान्तका माध्ययमका साथै बाह्य अन्य स्वदेशी र बिदेशी दातृ निकाय एबं सहयोग लगानी नियोगहरु सँग समेत आर्थिक र प्राबिधिक सहयोगको लागि पहल र प्रयास गर्ने ।

६. व्यवस्थित पाईप प्रणाली सहितको खानेपानीको पहूँच भएर पनि सेवा नलिईरहेका महानगरबासिहरुमा सचेतनामुलक कार्यक्रमहरुको माध्यमबाट सेवा प्रयोगमा उत्प्रेरणा जगाउने ।

७. भरतपुर महानगरपालिकाको समग्र क्षेत्रभित्र पिउने पानीको गुणस्तर र महशुल दरमा एकरुपता कायम गर्न उपभोक्ताहरु स्वयंबाट संचालन व्यवस्थापन गरिदै आएका खानेपानी योजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिसँग वार्ता प्रक्रियाद्धारा वोर्डको स्वामित्वमा ल्याउने र उक्त आयोजनाको सञ्चालन व्यवस्थापन सम्वन्धि जिम्मा वोर्डले लिने ।

.८. नयाँ संविधान निर्माण अगावै बनेका बोर्डका वर्तमान नियमावली, विनियमावलीलाई संघीयता र कानुनी प्रावधान वमोजिमका नयाँ कानूनी दस्तावेजहरु निर्माण गर्न पहल गर्ने ।

९. यस वोर्ड मार्फत उत्पादन र बितरण गरिने खानेपानीको गुणस्तरलाई थप सुनिश्चित र विश्वसनिय बनाउन खानेपानी परीक्षण प्रयोग-शालालाई प्रयाप्त उपकरण तथा रसायन सहित सुबिधा सम्पन्न बनाउने र खानेपानी सुरक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गर्ने ।

१०. वोर्ड अन्तर्गतको खानेपानी महशुल लगायत अन्य सेवालाई समय सापेक्ष प्रविधिमैत्री बनाई ग्राहकहरुले प्रविधिको अधिकतम उपयोग गर्न सक्ने वातावरण सिर्जना गर्दै सेवा सँग सम्बन्धित सबै बिवरण, प्रतिवेदन र आर्थिक कारोवारलाई चुस्त दुरुस्त राख्न नवीनतम र आधुनिक प्रविधिको प्रयोग गर्ने ।

११. वोर्डमा लोकसेवा आयोग मार्फत स्थायी कर्मचारी मागको पहल गर्दे भईरहेका कर्मचारीको क्षमता अभिवृद्धि गर्दे सेवा प्रवाहलाई थप प्रभावकारी वनाउने ।

## कार्यक्रम :-

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ मा व्यवस्था भए बमोजिमखानेपानी व्यवस्थापन बोर्डको उद्देश्य र जिम्मेवारी अनुरुप खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित र भरपर्दो बनाउन भरतपुर खानेपानी व्यवस्थापन वोर्डले अघिल्ला वर्षहरुमा जस्तै यस आ.व.मा पनि निम्न अनुसारका कार्यकमहरुलाई निरन्तरता दिँदै थप केही कार्यक्रमहरु गर्नेछ ।

- वोर्डको खानेपानी भण्डार गर्ने क्षमता हाल ज्यादै न्यून रहेकोले आवश्यक श्रोत जुटाई भण्डार क्षमता क्रमश: अभिवृद्धि गर्ने ।
- पानीको आपुर्ति वृद्धिका लागि भरतपुर १०, शरदपुर लगायतका क्षेत्रमा आवश्यक जग्गाको ब्यवस्थापन गरी श्रोत थप गर्ने ।
- खानेपानीका वैकल्पिक श्रोतहरु नभएका अभावग्रस्त र उपभोक्ताहरुवाट माग भई आएका क्षेत्रहरुमा सम्बन्धित वडा कार्यालयसँगको समन्वय र साझेदारीमामा नयाँ पाईपलाईन विस्तार गर्दै सेवाको पहुँच सुनिश्चित गर्ने ।
- तात्कालिन सडक चौडाईको मापदण्डका आधारमा बिच्छ्याईएका धेरै पाइपलाईनहरु हाल नयाँ कायम भएका सडक चौडाईको मापदण्डका कारण प्राय:कालोपत्रे सडकको तल परेका र हाल सडक विस्तार, सडक ढल र पेटी निर्माण कार्यक्रममा काटिएर चुँडिएर क्षति भएका पाईपहरुलाई सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा प्रतिस्थापन गर्दै जाने ।
- District Meterer Area( DMA) को अवधारणालाई खानेपानी वितरण प्रणालीमा जोड्दै पानी उपयोगिताको ट्रयाक गर्दे सम्भावित चुहावट पहिचान गरि अन्तत: प्रणाली दक्ष वनाउदै NRW कम गर्ने ।
- वोर्ड मार्फत दैनिक उत्पादन हुने गरेको पानीले दैनिक मागलाई परिपुर्ति गर्न नसकिरहेको अवस्थामा पानीको मागलाई पुर्ति गर्न थप पानीको श्रोतहरु ब्यबस्थापन गर्ने ।
- वोर्ड अन्तर्गतको खानेपानी पाईप सञ्जाल र अन्य संरचनाहरुको नक्शाङ्क र अभिलेख नभएकोले जि.आई. एस. प्रणालीमा आधारित डिजिटल नक्शाङ्कनको लागि प्रक्रिया अगाडि बढाउने ।
- पानीको गुणस्तरमा सुनिश्चितताको लागि खानेपानी परीक्षण प्रयोगशालालाई पर्याप्त उपकरण तथा रसायन सहित सुविधा सम्पन्न बनाउने र खानेपानी सुरक्षा योजनालाई प्रभावकारी बनाउने ।
- महानगरपालिका क्षेत्रभित्रका अत्यावश्यकीय र वढी आवत जावत हुने स्थान र चोकहरुमा आवश्यक जग्गाको व्यबस्था गरी ब्यवस्थित सार्वजनिक शौचालयको निर्माण गर्ने ।
- उपभोक्ताहरुबाट संचालन ब्ययबस्थापन गरिदै आएका फुलबारी, शिबनगर, पार्बतीपुर, शारदानगर र शुक्रनगर, रामनगर खानेपानी आयोजनाहरु बोर्डमा हस्तान्तरण हुन चाहेमा सम्बन्धित वडा र उपभोक्ता समितिसँग वार्ता र संझौता गरि बोर्डको स्वामित्वमा ल्याउने र उक्त आयोजनाको बाँकि निर्माण कार्य गर्दै वोर्डले सञ्चालन व्यवस्थापन गर्ने ।
- आ.व. २०७३।०७४ देखि कार्यक्रममा समावेश भएका मंगलपुर, कैलाशनगर, गितानगर, देवनगर र आनन्दपुर लगायतका खानेपानी आयोजनाहरुको सुधार विस्तार र निर्माणको लागि आवश्यक पर्ने जग्गा लगायत स्थानिय श्रोत साधन जुटाउने कार्यमा सम्बन्धित वडाहरुसंगको सहयोग र समन्वयमा प्रदेश सरकार मातहतको खा.पा. तथा स.स.डि.का. तथा केन्द्र सरकार मातहतको खानेपानी तथा ढल ब्यबस्थापन आयोजनासंग सहकार्य गर्ने ।
- नयाँ पाईपलाईन विस्तारका लागि माग भई आएका मंगलपुर,आनन्दपुर,गितानगर लगायतका ठाउँहरुमा पाईपलाईन विस्तार गरी पानीको आपुर्तिसमेत गरेर करिब २००० नयाँ निजी धारा वितरण गर्ने ।
- मंगलपुर स्टेशनमा जेनेरेटर सेड निर्माण गरि ६२.५ के..भि.ए क्षमताको जेनेरेटर राख्ने ।

- भरतपुर १० रिजाल चोक स्टेशनमा मोजायक टायल, रोज गार्डेन स्टेशनमा मोजायक टायल र शौचालय निर्माण गर्ने ।
- गितानगर स्टेशनको जग्गा सम्बन्धित वडा सँगको सहकार्यमा छुट्याउन लगाई उक्त ठाउँमा तारजाली लगाई केही स्थानमा मोजायक टायल लगाउने ।
- भरतपुर ७ स्थित कृष्णपुर शाखामा गत आ.व मा थपिएको नयाँ जग्गामा पर्खाल लगाउने ।
- भरतपुर १ आँपटारी स्थित स्टेशनमा नयाँ कुरुवा घर निर्माण गर्ने र त्रिचोक स्थित स्टेशनमा तारजाली लगाउने ।
- महानगरपालिका भित्रका विभिन्न टोल विकास संस्थाहरु, स्थानीय क्लब र गै.स.स.को सहयोग र सहकार्यमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, पूर्ण सरसफाई, वातावरणमैत्री वार्ड र टोल घोषणा, ग्राहक सचेतना जस्ता स्वास्थ्य तथा सरसफाई सम्वन्धित प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरी वोर्ड र सेवाग्राही विच निकटतम सम्वन्ध कायम गर्ने ।
- भरतपुर महानगरपालिकासंगको समन्वयमा फोहर व्यवस्थापन, वातावरणीय सरसफाई, समुदाय सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरि ठोस तथा तरल फोहर व्यवस्थापनमा सहकार्य गर्ने ।
- भरतपुर महानगरपालिकासँगको समन्वयमा स्वच्छ पिउने पानी, स्वास्थ्य तथा सरसफाई, वातावरण सुधार र संरक्षण सम्बन्धि आवश्यक नीति नियमावली तथा कार्यबिधि बनाउने र कार्यान्वयन गर्ने कार्यमा सहकार्य गर्ने ।
- घरबाट उत्पादन हुने जैबिक ठोस पदार्थको प्रशोधन गरी कम्पोष्ट मल बनाउने घरेलु प्रविधिको प्रोत्साहनका लागि उपभोक्ताहरुबाट माग भई आएमा ५० प्रतिशत कार्यालयको तर्फबाट व्यहोर्ने गरी कम्पोष्ट च्याम्बर उपलब्ध गराउने ।

## भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरू (KeyPerformance Indicators):

**औसत खपत अंक:**

- उपलब्ध बिबरण:-

आ.व. २०७९/०८० आषाढ मसान्तको ग्राहक संख्या ३७५३२ मध्ये ठेगाना पत्ता नलागेका ७५४ गरी बाकि ३६७७८
आ.व. २०८०/०८१ आषाढ मसान्तको ग्राहक संख्या ४०५१९ मध्ये ठेगाना पत्ता नलागेका ७३४ गरी बाकि ३९७८५

आ.व. २०७८/०७९ आषाढ मसान्तको कुल पानी खपत ७६६५०६० इकाई
आ.व. २०७९/०८०आषाढ मसान्तको कुल पानी खपत ८०६८४०६ इकाई
आ.व. २०८०/०८१ आषाढ मसान्तको कुल पानी खपत ८८८५६३० इकाइ

आ.व. २०७९/०८० आषाढ मसान्तको कुल बिलिङ्ग रकम रु. १२,६८,१४,६४५
आ.व. २०८०/०८१ आषाढ मसान्तको कुल बिलिङ्ग रकम रु. १४,०९,५५,४५५

**उपरोक्त बिवरणका आधारमा:**

आ.व. २०८०।०८१ मा मिटर अङ्क रिडिङ्गको आधारमा प्रति ग्राहक प्रति महिना औसत खपत अंक १९.४२ युनिट र बिलिङ् को आधारमा २१.५६ युनिट छ । गत बर्ष पनि यो अंक क्रमशः १८.९६ र २१.२७ नै थियो ।आ.ब. २०८०।०८१ को चुहावट दर गत आ.व. भन्दा १ प्र.श. कम २९ प्रतिशत रहेको छ ।

**औसत बिलिङ्ग रकम:**

यस बर्ष प्रति ग्राहक प्रति महिना औसत बिलिङ रकम रु.३१०.०० हुने अनुमान गरि महशुल अनुमान गरिएकोमा यथार्थ बिलिङ रकम रु. ३०८ रहेको छ । पछिल्ला वर्षहरुमा खास गरेर ग्रामीण भेगमा बढि पाईप लाईन विस्तार गरिएको र त्यस्ता क्षेत्रमा ग्राहकहरुको खपत युनिट दर प्रायः गरेर न्युन हुने गरेकाले यथार्थ विलिङ्ग रकम लक्षित भन्दा कम देखिएको हो ।

**महशुल असुली तथा बक्यौताको स्थिति:**

२०८१ साल आषाढ मसान्त सम्म विभिन्न ग्राहकहरुबाट रु. ३ करोड ६९ लाख ९५ हजार ६५७ खानेपानी महशुल वापतको रकम उठ्न बाँकी रहेको छ । यो रकममध्ये करीब रु २४,५०,०००।- अघिल्ला बर्षहरुको लामो समयसम्मको बक्यौता रकम हो ।

अघिल्ला बर्षहरुको बक्यौता रकममध्ये ग्राहक कायम भएका तर घर ठेगाना फेला पर्न नसकेका, घर जग्गा बेचेर अन्यत्र बसाईं गएका, कतिपय संस्थागत धाराहरु रहेका सरकारी तथा गैर सरकारी कार्यालय नै बन्द भईसकेका, ग्राहकको नम्बर दोहोरिएका, लागत कट्टा भईसकेका ग्राहकको पनि न्यूनतम बिलिङ् भईरहेको आदि कारणहरुले उक्त ग्राहकहरुबाट उल्लेखित रकम बक्यौताको रुपमा रहि आएको छ । यस प्रकृतिको बक्यौता बोर्डबाट निर्णय गरि लगतबाट हटाउन मनासिब देखिन्छ । आ. व को जेठ महिनाको विलिङ रकम रु १,३७,१६,६०९ र असार महिनाको रु १,३६,१३,६२९ र लामो बक्यौता कटाएर यस वर्ष वास्तविक बक्यौता रकम करिब रु ७२ लाख देखिन्छ ।

विशेष गरी वडा नं. १, २, ३, ४ र १० का पुराना ग्राहकहरुबाट बढि मात्रामा महशुल उठन बाँकी रहेकोछ । यस आर्थिक बर्षको अन्तमा करिव दुई महिनाको बिल बराबरको रकम उठ्न बाँकि देखिएको छ ।उक्त महशुल रकम भुक्तानीका लागि ग्राहकहरुलाई दुई महिनाको अवधि छुट दिईएको छ । यसबाट महशुल असुलीमा विगतको भन्दा सुधार भएको देखिन्छ।

## वोर्डमा हालसम्म रहेका स्टेसन र वेलको विवरण:


| क्र.सं. | पम्प सं. | वेल संख्या | स्थान | प्राप्त श्रोत | मोटर वेलको क्षमता | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १ | आँपटारी वेल स्टेसन | नेपाल सरकार वन का. | २५ एच.पि. | | ०-१-१० | ने.स.व.का |
| २ | | २ | आँपटारी वेल स्टेसन | नेपाल सरकार वन का. | १० एच.पि. | | ०-१-१० | |
| ३ | | ३ | आँपटारी वेल स्टेसन | नेपाल सरकार वन का. | १७ एच.पि. | | ०-१-१० | |
| ४ | २ | १ | जखडी माई स्कुल भित्र | विद्यालय | १२.५ एच.पि. | | ०-४-० | ज.आ.वि.बाट प्राप्त |
| ५ | | २ | जखडी माई स्कुल भित्र | विद्यालय | ५० एच.पि. | | ०-४-० | |
| ६ | ३ | १ | कार्यालय परिसर स्टेसन | नेपाल सरकार | ३० एच.पि. | | ०-९-० | कार्यालय भित्र |
| ७ | | २ | कार्यालय परिसर स्टेसन | नेपाल सरकार | ३० एच.पि. | | ०-९-० | कार्यालय भित्र |
| ८ | | ३ | कार्यालय परिसर स्टेसन | नेपाल सरकार | २५ एच.पि. | | ०-९-० | कार्यालय पछाडी |
| ९ | | ४ | कार्यालय परिसर स्टेसन | नेपाल सरकार | ३० एच.पि. | | ०-९-० | कार्यालय पछाडी |
| १० | | ५ | कार्यालय परिसर स्टेसन | नेपाल सरकार | ४१.५ एच.पि. | | ०-९-० | कार्यालय पछाडी |
| ११ | ४ | १ | भरतपुर.म.न.पा वेल स्टेसन | भरतपुरको नाममा रहेको | २५ एच.पि. | | ०-२-१० | |
| १२ | | २ | भरतपुर.म.न.पा वेल स्टेसन | भरतपुरको नाममा रहेको | २५ एच.पि. | | ०-२-१० | |
| १३ | | ३ | भरतपुर.म.न.पा वेल स्टेसन | भरतपुरको नाममा रहेको | १२.५ एच.पि. | | ०-२-१० | |
| १४ | ५ | १ | धनगढा खा.पा. यो. | खरीद | २५ एच.पि. | ७३१८ | ०-३-० | भ.ख.पा.व्य.वोर्ड |
| १५ | | २ | धनगढा खा.पा. यो. | खरीद | २५ एच.पि. | ७३१८ | ०-५-४ | |
| १६ | ६ | १ | कृष्णपुर वेल स्टेसन | भ.म.न.पा | ३५ एच.पि. | ३८८०, ४०७४ | ०-५-४ | भ.म.न.पा नाममा |
| १७ | | २ | कृष्णपुर वेल स्टेसन | भ.म.न.पा | ३० एच.पि. | ३८८०, ४०७४ | | |
| १८ | | ३ | कृष्णपुर वेल स्टेसन | भ.खा.पा.व्य.वोर्ड खरिद | १५ एच.पि. | | | |
| १९ | ७ | १ | क्षेत्रपुर २ वडा कार्यालय | भ.म.न.पा | ३० एच.पि. | | ०-०-७ | महानगरको जग्गा |
| २० | ८ | १ | मालपोत चोक | नेपाल सरकार | ३० एच.पि. | | ०-१-० | नेपाल सरकार |
| २१ | | २ | मालपोत चोक | नेपाल सरकार | १० एच.पि. | | ०-१-० | नेपाल सरकार |
| २२ | ९ | १ | त्रिचोक वेल | भ.म.न.पा | २५ एच.पि. | | ०-०-१० | नेपाल सरकार |
| २३ | | २ | त्रिचोक वेल | भ.म.न.पा | २५ एच.पि. | | ०-०-३ | नेपाल सरकार |

| क्र.सं. | पम्प सं. | वेल संख्या | स्थान | प्राप्त श्रोत | मोटर वेलको क्षमता | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २४ | १० | १ | सिंचाई रोड वेल | नेपाल सरकार | २५ एच.पि. | | ०-०-५ | नेपाल सरकार न.पा. |
| २५ | ११ | १ | शरदपुर वेल स्टेसन | नेपाल सरकार | २५ एच.पि. | | ०-०-१० | |
| २६ | १२ | १ | रिजाल चोक वेल | नेपाल खा.पा संस्थान | २५ एच.पि. | ३७८५ | ०-०-९ | ने खा.पा सं.बाट प्राप्त |
| २७ | १३ | १ | बुद्ध चोक वेल स्टेसन | नेपाल सरकार | २५-३० एच.पि. | | ०-०-१० | नेपाल सरकार सिंचाइ |
| २८ | १४ | १ | चिसापानी वेल कृष्णपुर | शिवालय मन्दिर | २५ एच.पि. | | ०-२-० | नेपाल सरकार ऐलानी |
| २९ | १५ | १ | प्रेम वस्ती वेल स्टेसन | खरिद | २५ एच.पि. | ३३९४, ३३९६ | २६५.११, ३८३.६७ | भ.ख.पा.व्य.वोर्ड |
| ३० | | २ | प्रेम वस्ती वेल स्टेसन | खरिद | २५ एच.पि. | २५८४, २५८६ | २०३.१८, १३५.४६ | भ.ख.पा.व्य.वोर्ड |
| ३१ | १६ | १ | नगर प्लटिङ्ग वेल स्टेसन | भ.म.न.पा | २५ एच.पि. | | ०-१-० | भ.म.न.पा. |
| ३२ | १७ | १ | गौरीगञ्ज शरदपुर स्कुल वेल | विद्यालय बाट | १० एच.पि. | | ०-१-१० | विद्यालयको नाममा रहेको |
| ३३ | १८ | १ | लक्ष्मीपुर वेल | मनिदर बाट | १२.५ एच.पि. | | | शिवालय मन्दिर बाट प्राप्त |
| ३४ | १९ | १ | आनन्दपुर वेल | विद्यालय बाट | २५ एच.पि. | | ०-१-० | विद्यालय बाट प्राप्त |
| ३५ | २० | १ | मंगलपुर वेल | नेपाल सरकार | २० एच.पि. | | | सिंचाई कार्यालय बाट प्राप्त |
| ३६ | २१ | १ | रोज गार्डेन वेल | रोज गार्डेन खा.पा.उ.सं | १० एच.पि. | | | रोज गार्डेन खा.पा.उ.सं |
| ३७ | | २ | रोज गार्डेन वेल | रोज गार्डेन खा.पा.उ.सं | २५ एच.पि. | | | रोज गार्डेन खा.पा.उ.सं |
| ३८ | २२ | १ | तोरीखेत वेल | ने.खा.पा.सं | २५ एच.पि. | १६४६ | ०-०-१०,१/४ | ने खा.पा.सं. |
| ३९ | २३ | १ | फुलबारी वेल | विद्यालय बाट | २५ एच.पि. | | | विद्यालय बाट |
| ४० | २४ | १ | गितानगर वेल | नेपाल सरकार | ३० एच.पि. | | | |
| ४१ | २५ | १ | पटिहानी खा.पा.स्टेसन | खरिद | १० एच.पि. | १०२७ | ०-२-० | भ.ख.पा.व्य.वोर्ड |
| ४२ | | २ | पटिहानी खा.पा.स्टेसन | खरिद | २५ एच.पि. | १०२७ | ०-२-० | भ.ख.पा.व्य.वोर्ड |
| ४३ | २६ | १ | कैलाशनगर वेल | खरिद | २५ एच.पि. | २०९१, २०९३ | ३२२.१६, ३५५१० | भ.ख.पा.व्य.वोर्ड |
| ४४ | | २ | कैलाशनगर वेल | खरिद | २५ एच.पि. | २०९१, २०९३ | ३२२.१६ ३५५१० | भ.ख.पा.व्य.वोर्ड |
| ४५ | २७ | १ | देवनगर खा.पा.यो. | खरिद | २० एच.पि. | ७१०,७१४ | १२०२.१२, ८६३.४९ | भ.ख.पा.व्य.वोर्ड |
| ४६ | | २ | देवनगर खा.पा.यो. | विद्यालय बाट | २५ एच.पि. | | | विद्यालय बाट |

## यस प्रणालीका प्रमुख सूचकहरू (KeyPerformance Indicators) यस प्रकार रहेका छन :

## प्रमुख सूचकहरू (KPI)

| विवरण | आ.ब. | | | | | | २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | ०८०।०८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७१।०७२ | २०७२।०७३ | २०७३।०७४ | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | | | | |
| औषत ग्राहक संख्या (१/२") | १६७१५ | १८१५४ | २०३०७ | २२७६५ | २५४७२ | २८१३७ | ३०५२७ | ३३०८६ | ३५४६० | ३८१२९ |
| सेवा पुगेको जनसंख्या | १०५००० | ११५००० | १३३८८३ | १५१२५३ | १६०००० | १७६७०० | १९१७१० | २१४८९० | २२५३९६ | २३६२२५ |
| सेवा पुगेको जनसंख्या, प्रतिशत | ४५ | ४८ | ३९ | ४३ | ४४.१ | ४७.१ | ५३.३२ | ५८.१९ | ५९.४६ | ६०.७७ |
| दैनिक सरदर पानी उत्पादन, मिलियन लि. | १६ | १६.७ | १८.७ | २०.५ | २१.७३ | २४.५५ | २६.०२ | २८.७३ | ३२.०८ | ३४.८० |
| दैनिक सरदर पानी विक्री, मिलियन लिटर | ११.२ | ११.७७ | १३.५ | १५.३४ | १६.५९ | १७.७९ | १९.८६ | २१.२९ | २२.४१ | २४.६८ |
| मिटर भएको धाराको प्रतिशत | ९९ | ९९.५ | ९९.५ | ९९.५ | ९९.५ | ९९.५ | ९९.५ | | ९९.५ | ९९.५ |
| चुहावट, प्रतिशत | ३० | २६ | २५ | २५ | २४ | २५ | २४ | २६ | ३० | २९ |
| पानी सप्लाई समय, घण्टा | १० | ११ | १२ | १२ | १२ | १२ | १२ | | १२ | १२ |
| पानी नचल्ने धाराहरुको प्रतिशत | छैन | छैन | छैन | छैन | छैन | छैन | छेन | छैन | छैन | छैन |
| प्रति व्यक्ति उत्पादन / बिक्रि, लिटर | १६०/१११ | १५८/११७ | १५९/१२३ | १५५/१२५ | १४६ /१२२ | १५०/११७ | १४६।१२२ | १४९।१२२ | १५५।१२० | १५७।१२३ |
| प्रति युनिट इन्धन दर रु. (जेनरेटर सहित) | ७.४४ | ७.२० | ७.६३ | ८.०१ | ८.०९ | ७.८९ | ५.६० | ३.९२ | ६.११ | ६.५८ |
| प्रति ग्राहक औषत खपत (रिडिङ अनुसार।बिल अनुसार) | १८/२० | १९/२० | १९.९४/२१.४७ | २०.२२/२१.८९ | १९.५४/ २१.४ | १८.९७/२०.५४ | १९.५३।२१.३१ | १९.३१।२१.२७ | १८.९६।२१.०० | १९.४२।२१.५६ |
| प्रति युनिट पानी सप्लाईमा लाग्ने खर्चहरु | | | | | | | | | | |
| ईन्धन खर्च, रु. | ३.६८ | ३.५८ | ३.८३ | ३.८९ | ३.९६ | ३.९० | २.७४ | १.९२ | ३.२४ | ३.३६ |
| कर्मचारी खर्च रु. | ३.२७ | ३.३३ | ३.६१ | ३.४४ | ३.७२ | ४.३० | ३.९४ | ४.१० | ४.५५ | ४.१२ |
| प्रशासनिक खर्च रु. | ०.७१ | ०.७१ | ०.६७ | ०.६७ | ०.७१ | ०.६३ | ०.४२ | ०.४७ | ०.५६ | ०.६६ |
| मर्मत संभार, खर्च रु. | ०.९४ | १.०६ | १.३५ | ०.९५ | १.०५ | ०.९७ | ०.९३ | १.२७ | १.४० | १.७७ |
| नियमित सुधार विस्तारमा लगानी, रु. | ५.९४ | ६.५४ | ६.३९ | ११.३० | ९.२९ | २.८५ | ३.५३ | ७.०० | ६.०९ | १०.४३ |
| जम्मा प्रत्यक्ष खर्च, रु. | १४.५४ | १५.२२ | १५.८५ | २०.२५ | १८.७३ | १२.६५ | ११.५६ | १४.७६ | १५.८४ | २०.३४ |
| अप्रत्यक्ष खर्च (उपदान, ऋण, ह्रासकट्टी) | ३.२६ | ३.२७ | ३.२२ | ३.०९ | ३.०७ | ३.२६ | ४.१५ | २.९३ | ३.४४ | ३.५९ |
| प्राबिधिक परामर्श र बिभिन्न छुटहरु, रु. | | | | ०.४३ | ०.४२ | ०.३६ | ०.६२ | ०.७८ | ०.६३ | ०.४९ |
| ऋणको साँवा व्याज रु. | २.२६ | २.१७ | २.३९ | १.६७ | १.९७/५.४६ | १.४३ | १.२८ | १.२० | १.१४ | १.०३ |
| जम्मा खर्च रु. | २०.०६ | २०.६६ | २१.४६ | २५.४४ | २४.१९ | १७.७० | १७.६१ | १९.६७ | २१.०५ | २५.४५ |
| प्रति यूनिट आम्दामी | | | | | | | | | | |
| पानी महशुल, रु | १३.०७ | १४.४८ | १४.९७ | १५.५३ | १५.०९ | १४.२४ | १५.४४ | १५.४८ | १५.१४ | १६.०० |
| अन्य आम्दामी, रु. | २.८४ | ३.३१ | ४.८२ | ४.३८ | ३.४६ | २.७० | २.८० | ३.१६ | ३.४६ | ३.३५ |
| जम्मा आम्दानी (प्रति युतिट) रु | १५.९१ | १७.७९ | १९.७९ | १९.९१ | १८.५५ | १६.९४ | १८.२४ | १८.६४ | १८.६० | १९.३५ |
| प्रति युनिट घाटा रु | ४.१५ | २.८७ | १.६७ | ५.५३ | ५.६४ | ०.७६ | ०.६३ | १.०३ | २.४५ | ६.१ |
| प्रति ग्राहक प्रति महिनाको संचालन खर्च | | | | | | | | | | |
| ईन्धन खर्च, रु. | ७४.६५ | ६९.६४ | ७६.४२ | ७८.५७ | ७७.५३ | ७३.९३ | ५३.४६ | ३७.०९ | ६१.४० | ६५.१८ |
| कर्मचारी खर्च रु. | ६६.४९ | ६४.८६ | ७२.११ | ६९.६८ | ७२.८१ | ८१.६७ | ७६.९३ | ७९.२१ | ८६.१६ | ७९.९३ |
| प्रशासनिक खर्च, रु. | १३.४८ | १३.८२ | १३.३६ | १२.५१ | ११.११ | ११.०२ | ८.२९ | ९.०७ | १०.६० | ११.९४ |
| मर्मत संभार, केमिकल र अन्य खर्च रु. | १९.७१ | २०.६३ | २५.५६ | २५.३८ | २८.९२ | २०.४४ | १९.८४ | २४.४३ | २६.९५ | ३४.३४ |
| जम्मा संचालन खर्च, रु. | १७४ | १६९ | १८७ | १८६.१४ | १९०.३७ | १८७.०६ | १५८.५२ | १४९.८ | १८५.११ | १९१.३९ |
| प्रति ग्राहक प्रति महिना लाग्ने ओभरहेड खर्च | | | | | | | | | | |
| कर्मचारी विदा तथा उपदान खर्च, रु. | २.८५ | ३.६७ | ६.१५ | ५.४९ | ११.८७ | ३३.३३ | ३३.४५ | ३४.९९ | ३५.५९ | ३५.६० |
| पाइप लाईन र उत्पादन क्षमता विस्तार | १२०.५८ | १२७.३१ | १२७.४४ | २२८.६२ | १६१.९२ | ५४.२८ | ६९.०९ | १३५.११ | ११५.४६ | २०२.५६ |
| सापटी फिर्ता भुक्तानी, रु. | | | | | | २७.२५ | २५.१२ | २३.१८ | २१.६२ | २०.११ |
| ह्रासकट्टी खर्च, रु. | ६३.६८ | ५९.८८ | ५४.९८ | ५०.९५ | ४८.११ | ४६.७१ | २८.१५ | २९.७६ | २९.८० | ३४.१३ |
| खानेपानी म. नि.आयोग सेवा शुल्क, रु. | १.०० | २.४४ | २.५६ | २.७३ | २.७६ | २.७० | ३.०१ | २.९९ | २.८७ | ३.०४ |
| जम्मा ओभरहेड खर्च रु. | १८८ | १९३ | १९१.१३ | २८७.७९ | २२४.६६ | १६४.२७ | १५८.८२ | २२६.०३ | २०५.३४ | २९५.४४ |
| कुल खर्च, प्रति ग्राहक प्रति महिना रु. | ३६२ | ३६२ | ३७८.१३ | ४७३.९३ | ४१५.०३ | ३५१.३३ | ३१७.३४ | ३७५.८३ | ३९०.४५ | ४८६.८३ |
| प्रति हजार ग्राहक बराबर कर्मचारी संख्या | ३.०५ | २.७७ | २.१४ | २.१ | १.९६ | १.८८ | १.८१ | १.८७ | २.२९ | २.३० |
| प्रति ग्राहक प्रति महिना औ. आम्दानी, रु. | | | | | | | | | | |
| महशुल आम्दानी, रु. | २६५ | २८७ | २९८.६० | ३१४ | २९४.८८ | २७०.१८ | ३०१.६० | २८९.१४ | २८७.१२ | ३०४.८९ |
| अन्य आम्दानी, रु. | ५७.६ | ६४ | ९६.१९ | ८८.६७ | ६७.५९ | ५१.३० | ५४.७५ | ५९.०८ | ६५.६४ | ६५.१२ |
| जम्मा आम्दानी, रु. | ३२३ | ३५१ | ३९४.७९ | ४०२.६७ | ३६२.४७ | ३२१.४८ | ३५६.३५ | ३४८.२२ | ३५२.७६ | ३७०.०१ |
| प्रति ग्राहक घाटा, नाफा रु. | -४० | -११ | -१६.६६ | -७१.२६ | -५२.५६ | -२९.८५ | ३९.०१ | -२७.६१ | -३७.६९ | -११६.८२ |
| संकलन अवधि, दिन | ६० | ५५ | | ६० | ६० | ६० | | ६० | ६० | ६० |


आ.व २०८०/२०८१मा पानी उत्पादन र खपतको अवस्था
(MLD)
५०.
४५.
४०.
३५.
३०.
२५.
२०.
१५.
१०.
५.
०.
श्रावण
भाद्र
असोज
कार्तिक
मङ्सिर
पुस
माघ
फाल्गुन
चैत
बैशाख
जेष्ठ
असार
उत्पादन
खपत

अनुसूची १

## महशुल निर्धारण आयोगवाट २०७० फाल्गुन १ गते बाट लागु हुने गरी निर्धारण गरिएको भरतपुर खानेपानी व्यवस्थापन वोर्डको नयाँ महशुल दर

| पाईप साइज | धारा किसिम | मिटर भएका धारा | | |
|---|---|---|---|---|
| | | न्यूनतम खपत लिटर | न्यूनतम महशुल दर रु. | बढी खपत महशुल दर रु. (प्रति हजार लिटर) |
| | | | कायम गरिएको | कायम गरिएको |
| १/२" | निजी/घरायसी | १०००० | १०० | १८ |
| १/२" | संस्थागत | १०००० | १३५ | २० |
| ३/४" | निजी, संस्थागत | २७००० | ९७५ | ३० |
| १" | निजी, संस्थागत | ५६००० | २०२० | ३० |
| मिटर नभएको धाराहरु | | | | थप शाखा धाराहरु |
| १/२" | निजी/घरायसी | २४००० | ८१० | ३०० |
| १/२" | संस्थागत | २४००० | १०८० | ५०० |
| ३/४" | निजी, संस्थागत | ६५००० | २७०० | २००० |
| १" | निजी, संस्थागत | १३५००० | ५४०० | ३३०० |

### अन्य सेवा शुल्कहरू:

| क्र. सं. | विवरण/आय शिर्षक | कायम गरिएको दर रु. |
|---|---|---|
| १ | नयाँ धारा जडानको लागि निवेदन शुल्क | २००.०० |
| २ | नयाँ ग्राहक दर्ताशुल्क | ५०००.०० |
| ३ | नामसारी शुल्क, अंशवण्डा बाट प्राप्त गर्दा | ५००.०० |
| ४ | नामसारी शुल्क, अन्य तरिकाबाट प्राप्त गर्दा | १०००.०० |
| ५ | पुरानो धाराको ठाउँसारी दस्तुर | २७००.०० |
| ६ | होलचेन्ज दस्तुर | ५००.०० |
| ७ | १/२" जि.आई. पाईप | परल मुल्य |
| ८ | मिटर बिक्री, १/२"(ख) | हाल यस बोर्डबाट मिटर बिक्री नगरिएको |
| ९ | फेरुल बिक्री, १/२"(ग) | हाल यस बोर्डबाट फेरुल बिक्री नगरिएको |
| १० | ग्राहक कार्ड दस्तुर | १०.०० |
| ११ | ग्राहक नम्बर प्लेट दस्तुर | १००.०० |

(क) १/२" भन्दा ठूलो धाराको हकमा जडान खर्च, नामसारी, ठाँउसारी र होलचेन्ज शुल्क लिँदा १/२" धाराको दररेटमा ३/४" र १" को लागि क्रमश: २.२५ र ४.०० ले गुना गरि राजस्व लाग्नेछ ।

(ख) नयाँ धारा जडान गर्दा आवश्यक पर्ने खानेपानीको कनेक्शन पाईप, मिटर, फेरुल, स्याडल, गेट भल्भ लगायत आवश्यक सबै फिटिङ्गका सामानहरु ग्राहक आँफैले व्यवस्था गर्नुपर्नेछ ।

(ग) नयाँ धारा जडान गर्दा खानेपानीका आवश्यक सबै फिटिङ्गका सामानहरुको गुणस्तर बोर्डले तोकेको मापदण्ड अनुसारको हुनु पर्नेछ ।



बोर्डको भरतपुर-१० स्थित पुरानो मुख्य कार्यालयको भवन



कार्यकारी समिति सदस्यज्यूहरु, का.नि ज्यू लगायत बोर्डका कर्मचारीहरु कार्यक्रम पछि



लिक मर्मत गर्दै बोर्डका कर्मचारीहरु



पानी चुहावट अनुगमनमा कर्मचारी



अध्यक्षज्यू, कार्यकारी समिति सदस्यज्यूहरु, का.नि ज्यू लगायत बोर्डका कर्मचारीहरु कार्यक्रम पछि ।



खानेपानी सम्बन्धी अन्तरक्रिया कार्यक्रममा अध्यक्षज्यू लगायत




भरतपुर भ्रमण वर्ष २०२४ मा सहभागी जनाउँदै बोर्डका कर्मचारी



क्षमता अभिवृद्धि कार्यक्रममा बोर्डका कर्मचारीहरु ।



ग्राहक सचेतना कार्यक्रममा उपभोक्ताहरु ।




स्टाफ मिटिङ्ग



प्रयोगशालामा पानी परिक्षण गर्दै बोर्डका केमिष्ट



भरतपुर स्थित कार्यालयको ओभरहेड ट्याङ्की




मंगलपुर खानेपानी आयोजना



कर्मचारी मिटिङ्ग





## नयाँ धारा जडानको लागि सेवाग्राहीले पेश गर्नुपर्ने कागजातहरु

वोर्डले तोकेको ढाँचाको निवेदन फारमका साथ

१. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. धारा जडान हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र
४. सम्बन्धित जग्गाको एकिकृत सम्पत्ति कर चुक्ता प्रमाण पत्र
५. सँधियारको धाराको कार्डको प्रतिलिपि वा ग्राहक नम्बर, नाम

## धारा नामसारीको लागि सेवाग्राहीले पेश गर्नुपर्ने कागजातहरु

वोर्डले तोकेको ढाँचाको निवेदन फारमका साथ

१. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. धारा जडान हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
३. घर जग्गा खरीदको राजीनामा बकसपत्र/अंशवण्डा पत्रको लिखतको प्रतिलिपि
४. चालु महिनासम्मको महशुल भुक्तानी रसीद

**भरतपुर खानेपानी व्यवस्थापन वोर्ड**
**भरतपुर, चितवन ।**

यदी कसैले वोर्डको सेवा क्षेत्रभित्र पानीको दुरुपयोग गरेको देखेमा कार्यालयमा ०५६-४९३९१६ मा खबर गरिदिनुहुन अनुरोध छ ।

समयमा नैं पानी महशुल भुक्तान गरी छुट प्राप्त गरौं, दण्ड जरिवानावाट बचौं ।

विविध कारणवाट मिटर रिडिङ हुन नसकेमा ग्राहक स्वयंले सात दिनभित्र कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

खानेपानीको पाईप फुटेर वा अन्य कारणवाट चुहिएर पानी खेर गएमा कार्यालयमा ०५६-४९३५७६ मा खबर गरिदिनुहुन अनुरोध छ ।

**भरतपुर खानेपानी व्यवस्थापन वोर्ड**
**भरतपुर, चितवन ।**

## पानीको सही सदुपयोग गरी सभ्य नगरबासीको परिचय दिउँ ।

यदि कसैले भरतपुर महानगरपालिकाभित्र यस बोर्डको सेवा क्षेत्रभित्र पानीको दुरुपयोग (मिटर खोली पानीको प्रयोग गरेको, मिटर बाईपास गरी पानी प्रयोग, सिधै मोटर लगाई प्रयोग गरेको वा अन्य लापरवाही) गरेको देखेमा तुरुन्त कार्यालयमा ०५६-४९३९१६ वा ९८४१४५१७१९ मा खबर गरिदिनुहुन अनुरोध छ । खबर गर्ने व्यक्तिको नाम गोप्य राखिनेछ साथै अवस्था हेरी उचित पुरस्कारको समेत व्यवस्था गरिनेछ ।

**भरतपुर खानेपानी व्यवस्थापन वोर्ड**
**भरतपुर, चितवन ।**

खानेपानी शुद्ध गर्ने नाममा बजारमा नितान्त व्यवसायिक मनसायले औपचारिक रुपमा ईजाजत नलिईकन ग्राहकको घर-घरमा पुगी यस वोर्डले सप्लाई गरेको पानीलाई भ्रम सिर्जना गरी दुषित देखाएर फिल्टर लगायतका उपकरणहरु बेच विखन गर्दै हिंडेको पाईएकाले सम्पूर्ण ग्राहकवर्गहरूमा त्यस किसिमको भ्रममा नपरी त्यस्ता व्यक्तिहरू टोल बस्तीमा आएको खण्डमा यस कार्यालयमा ०५६-४९३७३२ वा ९८४१४५१७१९ मा तुरुन्त खबर गरिदिनुहुन अनुरोध छ ।

**भरतपुर खानेपानी व्यवस्थापन वोर्ड**
**भरतपुर, चितवन ।**